# नेपाली वास्तु र वास्तुग्रन्थको संक्षिप्त परिचय

तारानन्द मिश्र

## सामान्य परिचयः (कोटडिजी, हरप्पा, वैदिक र बौद्धकालका वास्तु)

नेपालदेशको उदय नवप्रस्तर काल (Neolithic period) मा भैसकेको व्यहोरा नेपाल उपत्यका र यसका वरिपरि पाइएका नवप्रस्तरकालीन हतियारहरू (stone tools) बाट प्रमाणित हुन्छ। यस उपत्यकाको माँझमा रहेको एउटा ठूलो र गहिरो दह (deep lake) का चारैतिर अति अग्ला भूभागमा बसोबास गर्ने किरात सांस्कृतिक समूहका मानिसहरूको सम्बन्ध कम्पूचिया, थाइलैण्ड, बर्मा र आसाममा रहेको होबियन सांस्कृतिक समूहसँग थियो र यिनका भाषामा समानता पाइन्छन्। टोनि हेगेनका अनुसार यस क्षेत्रमा भएको ज्वालामुखी र भूकम्पले गर्दा आज भन्दा लगभग दुइ लाख बर्ष अगाडि नेपाल उपत्यकाको माँझ भाग ६५० फीट अग्लो भएर यहाँ जम्मा भएका पानी दक्षिणतिर बगेर गयो।[1] यस उपत्यका भित्र र दहलाई लगातार हिमाल क्षेत्रबाट पानी ल्याउने नदीहरू क्रमशः वागमती, र विष्णुमती थियो जुन आज पनि वगदै छ। ती नदीहरूमध्ये प्रमुख वागमतीको उल्लेख विनय-पिटक र उदानको नन्दबग्गमा 'वग्गुमुदा' को नाउबाट तथा मज्झिम निकायको बत्थ-सुत्तन्तमा यसलाई 'बाहुमती' भनिएको, कम्तिमा ३००-२०० ई. पूर्वमै पाइन्छ (भरतसिंह, १६, १११९)। नेपालको पहिलो अभिलेख संवत् ३९९ (ई.सं. ४७७) मा यस नदीको चर्चा 'वाग्वती पारप्रदेशे' का नाउले गरेको छ।[2] त्यसपछि यस उपत्यकाको माँझ भागमा चारैतिरबाट बगेर आएको मलिलो माटोमा घना वन उम्रियो जसबारे गोपालराज वंशावली (पत्र १७क, हिमवन्त शैल्यमध्यवर्तणी महारन्यभूते भूमण्डले) र तिब्बतीयात्री वज्रकीर्तिको जीवनकथाबाट थाहा पाइन्छ। यस उपत्यकालाई पहिलो सभ्यता र भौतिक विकास (Civilization and urbanization) दिने जाति बर्मा (शक) र गुप्त आमीरहरू थिए। हामीलाई थाहै छ शक र आभीरहरू ईरानको द्रांगियाना प्रान्तमा धेरै अवधिसम्म सँगसँगै बसेका थिए र शक, आभीर तथा पल्हवहरूका माँझमा विहावारी भएको पाइन्छ (D.C. Sircar, Age of Impunity, 1968, P. 178 and P. 221)।

नेपालदेशको प्राचीनतम उल्लेख कौटिल्य अर्थशास्त्रमा पाइन्छ, र समुद्र गुप्तको प्रयाग स्तम्भलेख (३३०-३५० ई.)मा यस देशको सीमा पूर्वमा (कोशी नदी) आसाम र पश्चिममा

१. Tony Hagen, Nepal, The Kingdom in the Himalayas, Berne, 1961, 53

२. विनय पिटक, हिन्दी अनु. पृ. ५४३: भरतसिंह, १९९१, प्रयाग, बुद्धकालीन भारतीय भूगोल पृ. ३२०, ११३, पृ. २६, पृष्ठ १११, धनवज्र, संवत् ३९९ मा लिच्छवीकालका अभि. २०३०, पृ. ५१; वाग्मती पार प्रदेशे, त्यसपछि अनेक लिच्छवि र मध्यकालीन अभिलेखहरूमा र नेवारी लिपिमा लेखिएका 'वाग्वतीमाहात्म्य प्रशंसा' (वेज. सूचि १९८९, १६३) र पण्डित हरिनाथले लेखेका नयाँ ग्रन्थ 'वाग्मती तीर्थयात्रा क्रमविधिः' नाउका ग्रन्थहरु (वेज पृ. ७१४) मा यसको उल्लेख र महत्वबारे चर्चा गरिएको पाइन्छ। ने.सं. ८५२ (ई १७३१) को संखमूल अभिलेखमा - 'सेयं.ब्रम्ह सरस्वती विजयते गंगोपमा वाग्मती ॥' भनी अत्यन्त राम्रो अभिव्यक्ति पाइन्छ (रेग्मी, भाग ४, १९६६, पृ. २८९)। तैत्तरीय ब्राहमण (६-४-३-१) र ऐतरिय ब्राहमण (२-१५) मा 'वाग्वदन' वाग्वदनारम्भाव्प्रागिव्यर्थ भनि वेदपाठको अर्थमा उल्लेख गरिएको छ (हिन्दू सभ्यता, १९६५, १२८)॥ यही बाग (वेद) बाट वेदकी आराध्यदेवी र श्रृष्टिस्थल सरश्वतीका नाउबाट वाग्वति नाउ राखिएको थियो भन्ने अनुमान गर्न सकिन्छ। पंजाब र राजस्थानमा प्राचीनकालमा सरश्वती, दृपधवति र ब्रहमावर्तका घाटीमा त्रिवेद (ऋग्वेद, सामवेद र यजुर्वेद (जसलाई वौद्धग्रन्थमा-'तयोवेदा' भनिएको छ, भरत सिंह, १९९१, ४४०) को रचना भएको थियो।

कुमाऊसँग जोडिएको थियो भन्ने पाइन्छ (कामरुप नेपाल-कत्तृपुरादि, वा.उपाध्याय, भार.अभि. १९६१, II, ४८)। बुद्धकाल (६००-५०० ई.पूर्व) मा पंजाब, राजस्थान, मालवा, मथुरा, पाँचाल, विदेह, मगध र पूर्वी बंगालको ताम्रलिप्ति सामुद्रिक बन्दरगाह सम्मका क्षेत्रलाई जोड्ने उत्तरापथले[३] नेपाललाई पनि जोडेको थियो। यस सम्पूर्ण भूभागलाई जम्बूद्वीप भन्ने गरिन्थ्यो, जसको उल्लेख प्राचीन हिन्दू ग्रन्थ, बौद्धग्रन्थ र जैन ग्रन्थका साथै अभिलेखहरूमा पाइन्छ।[४] पशुपालन, कृषि, व्यापार र उद्योगबाट प्राप्त आर्थिक सम्पन्नतासँगै यहाँ नगर सभ्यता, मूर्तिकला र वास्तुकलाको विकास भयो। सम्पूर्ण दक्षिण एशियामा वास्तुकलाको विकासमा प्राचीन कोटडीजी (Kot-Diji) सभ्यता र हरप्पा सभ्यता (२८००-१२०० ई. पूर्व)[५] वैदिक सभ्यता[६], ईरान र ग्रीकहरूको निकै देन छ। वास्तुकला र मूर्तिकलाको विकास दक्षिण-पूर्व एशियाका प्रायः सबै क्षेत्रमा सँगसँगै भएको थियो। त्यसैले तिनका वास्तु-अंगहरूका नाउमा, निर्माण र जीर्णोद्धारका प्रक्रियामा धेरै समानता पाइन्छ।

## वास्तुशास्त्र र तिनका अंगहरू

वास्तुशास्त्रलाई शिल्पशास्त्र (शिल्पविद्या), देवजनविद्या (छान्दोग्य-उपनिषदको तैतेरेय ब्राहमण, राधा कु. मुकर्जी, हिन्दूसभ्यता, १९६५, १२९), शिल्पकर्म विद्या अथवा शिल्पस्थानविद्या[७] र बत्थु विद्या (तक्का र सुरुचि जातक सं. ६३ र ४८९) भनि सम्बोधन गरिएको छ। लामा तारानाथ (History of Buddhism in India, Delhi, 1990, 155) ले अठारह विद्यामध्ये शिल्पशास्त्र अध्ययनको पनि चर्चा गरेका छन्।

---

३. वासुदेव उपाध्याय, भारतीय अभि., १९६२, II, २७, कालिंगाधिपति खारवेलको हाथीगुम्फा (प्रथम श.ई.पूर्व) को लेख 'उत्तरापध राजानो', राजशेखरको काव्यमीमांसा (१० श.ई.) मा - 'पृथुदकात परतः उत्तरापथः' बारे उल्लेख पाइन्छ (भरतसिंह, बुद्धकालीन भा. भूगोल, १९९१, ६०)। ग्रीक राजदूत मेगास्थनिजले पाकिस्तानको उत्तर-पश्चिम क्षेत्रबाट राजगृह सम्मको यस मार्गलाई ११५६ मील लामो र यसको एक-एक मीलमा सूचना पट्टिका रहेको थियो भनि तेश्रो श.ई पूर्वमा लेखेका छन् (Age of Imp. Unity, 1968, 67)।

४. पुराण, महाभारत (भिष्मपर्व, अध्या. ७, श्लोक १९-२६), जैनग्रन्थ जम्बुदीव पण्णतिमा, चिनियाहरु (दोश्रो श.ई. पूर्व) मा यसलाई 'यिनतु', युवानच्वांग (वाटर्स, १९७२, I, 32) ले 'चिम्पु'; विनयपिटक र जातककथा (प्रथम भाग, काशी, पृ. ३८), सुत्तनिपात (सेलसुत्त, गाथा ९१४-जुम्बु सण्डस्स इस्सरो); अशोकका रुपनाथ अभि., 'जम्बूदिपसि अमिसा देवा; हुणराजा तोरमाणको कुरा अभि. -'जम्बुद्वीपस्य दर्शयितारो', उपाध्याय, १९६१, II, १०८: धर्मपाल (आठौं श.ई.) को खालिमपुर अभि. 'समस्त जम्बूद्वीप-भूपाल': नेसं. ६८४ (ई.सं. १५६३) को ताम्रलेख-'याम्बूद्वीपे भरतखण्डे नेपालमण्डले', रेग्मी IV, २०, ललिताविस्तरमा - 'जम्बुद्वीप षोडस जानपदेषु', भरतसिंह, १९९१, २८४।

५. F.A. Khan, Kot-Diji culture, Pub. in Indus Civiliation, Ed. by. A.H. Dani, Islamabad, 1981, 18-22, Khan writes - "the KotDijians (within 2800-2000 BC) built structures of undressed limestone blocks and sundried bricks (15"x7 1/2" x 3 1/2"). The defence walls of the cities had undressed limestone blocks and imposing structures on the top were built of mud bricks. It was internally slanted and had revettements bonded with the foundation courses made of mud and mud bricks. It had also bastions built externally at intervals. The Kot-Diji citadel, in all possibility, represented the earliest fortified town of the subcontinent". B.B. Lal, Some reflections on the structural remains at Kalibangan, Indus civilization-New perspectives, Ed. by A.H. Dani, 1981, P. 8 and PP. 47-53, Corobelled arch timber beams inserted into brick-masonary for further strength, the great bath, the granary, pillared hall, so-called college building, working platform, covered and open drainage, the workmens quarter, cross-roads at right angle, the roadside shopping platforms, dockyards, cemetery area and brick-lined altars are some of the examples of Harappa architecture. The fortified Harappan cities had brick-walls and gateways with gate houses, The Kalibanga commoners city measured 360 m-x 240m, E-W, intersected by 9 streets, naturally conceived upon grid-pattern with four gateways. The houses in a square were erected on three sides, with an openning on a street, According to Lal the city of Kalibanga had three class of people, the priests, the farming and trading community as well as the labour-class, who lived outside the fortified city. It is to be noted here that the presence of corbelled arch in santum of the temple belonging to 2nd cent. BC have been found recently from Lumbini Mayadevi temple.

६. ऋग्वेद र अन्य वेदहरुमा - पुर, दुर्ग, शतभुजी (१०० थाम भएको भवन), शमशान क्षेत्र (पवर्हणी), कूप (अवट), ह्रद (पोखरी), चाक्ला ढल (सुषिरा सूर्मि), कुलो (कुल्या), रथ, सकट (वैलगाडा), अनस (हलुगा मान्छे ओसार्ने गाडा), नावम् (नाव), ग्राम, विश-विशपति, राष्ट्र, सहस्त्रस्थूण सदस (१००० स्तम्भ भएका सभास्थल), सहस्त्रच्द्वारं गृहम् (१००० ढोका भएका घर), नगर-प्राकार (नगरपर्खाल), श्येनचित वेदी (वाजसंहिता, अध्या. ११ मा अग्निलयन, (यज्ञकुण्ड), आसन्दी (आसन, सिंहासन) बाहेक-स्थपति, तक्षा, हिरण्यकार (सुनः चाँदीका गहना आदि बनाउने), मणिकार, रथकार, ग्राम आदि शब्द र विवरणबाट वेदकालको स्थापत्यकलाबारे केहि थाहा पाइन्छ। वेदोत्तरकाल अर्थात सूत्र, महाभारत, रामायण, पुराण, आगम र धर्मशास्त्रहरुमा स्थापत्यकलाको प्राविधिक विकास उच्चस्तरमा भएको पाइन्छ (राधा कुमुद मुकर्जि, हिन्दू सभ्यता, १९६५, १०९-१९०; प्रसन्न कुमार आचार्य, मानसार, १९२७, पृ( ८ र पृ. १०-२८)।

७. राष्ट्रिय अभिलेखालयमा रहेको एउटा महत्वपूर्ण वास्तुग्रन्थ छ, महाविहारवासी भिक्षु धर्मरक्षितले सारेका मञ्जुश्रीसाधन (वेजकर सूचि. १९८९, २३९, ग्र.सं. १३६३ त) जसमा निम्न व्यहोरा पाइन्छ - 'ॐ नमः सर्वज्ञाय। विश्वकर्म्मणे नमः। जगतां सृष्टिकर्त्तारं स्थितिसंहारकारकम्। वरदामय पीताङ्गी पुस्तकाक्षचतुर्भुजा॥ गृहादि सव्वंवस्तुनां लक्षणानि प्रवक्ष्यते। शुभाशुभ विधिज्ञेया लोकानां हितकाम्यया॥ शिल्पिकेन तथा कृत्वा गृहादि सर्व्ववस्तु॥'

(प्रसन्नकुमार आचार्य, वास्तु शब्दकोष, १९९५, ७११), गणपति शास्त्रीले सम्पादन गरेका वास्तु विद्या ग्रन्थ (अध्या. १, श्लो. १२-१५) मा वास्तुविद्यामा पूर्णज्ञान भएका स्थपति (वास्तुविद्याभि पारग स्थपतिः) बारे चर्चा पाइन्छ।

चिनिया यात्री युवान-चांगले ई.सं. ६३०-६४३ मा भारतीय उप-महाद्वीपमा पढाइने प्रमुख पाँच ओटा विषयहरु (शब्द विद्या, शिल्पस्थानविद्या, चिकित्साविद्या, सेतु विद्या र आध्यत्मविद्या) थिए भन्ने लेखेका छन् (बील्स, सियुकी, १९८१, ७८)। यस पंचविद्या स्थानानिबारे उल्लेख तिब्बतका बु-स्टोनले (S.K. Dutta, Buddhist Monks and Monasteries, 1962, 323), धर्मस्वामीको जीवनी (संपा. तारानन्द मिश्र, वि.सं. २०६०, ५५; Roerich (1969), महाव्युतपत्ती (शाकाकाई, No.-1554-59), मा र लामा तारानाथ (Hist. of Buddhism In India, 1990, 197, Footnote-13) ले पनि गरेका छन्।

चिनिया यात्री युवानस्यांग (६२९-६४५ ई) र तिब्बती भिक्षु धर्मस्वामी) (१२२६-१२३६ ई.) ले आफ्ना यात्रा विवरण र जीवनीमा तत्कालीन शिक्षाका महत्वपूर्ण विषयमध्ये पंचविद्यास्थानानि, क्रमशः शब्द विद्या, हेतु विद्या, आध्यात्म विद्या; चिकित्सा विद्या, र शिल्पस्थान विद्याबारे उल्लेख गरेका छन्। जसको समर्थन युवानच्वांग (विल्स, १९८१, ७८), लामा तारानाथ (१९९०, २८५) र महाव्युतपत्ति ग्रन्थमा पनि पाइन्छ (धर्मस्वामीको जीवन, २०६० सम्पादन-तारानन्द मिश्र, पृ. ५५)। शाक्यमुनि बुद्धले प्रवर्जित भिक्षुहरूलाई घाम, पानी, चिसो र गर्मीबाट बाँच्नका लागि पाँच किसिमका आवासहरु (पंचलेनानि-वास; आवासो, लेण, सन्निवेस, आयतन, निवेसन)[८] दान गर्न दानपति उपासकहरूलाई आग्रह गरेका थिए। यी पंचलेनानि विनयपिटक (चुल्लवग्ग अध्या. ६, श्लो. १-२, महावग्ग अध्याय १, श्लो. ५०-५४) अनुसार हुन् - विहार, अड्ढयोग (वृत्तायत, हंसगृह, कुकुटअण्ड सदृश गृह, गजपृष्ठाकार छाना), पासाद (मन्दिर, दरवार, ठूलो भवन), हम्मिय (मण्डप, मन्दिर, ऊपरी आकाश तल पासादो, दरबार, कूटागार) र गुफा (कुभा, गुहा, गुम्फा, लेण)।[९] ब्रहमाण्ड पुराण (अध्या. ७; आचार्य, वास्तुशब्दकोप, १९९५, ८) मा मानवले पहिलो वसोवास गुफामा गरेको थियो र पछि मात्र आफूलाई चीसो र गर्मीबाट सुरक्षाका निमित्त (शीतोष्ण-वारणात्) घरको निर्माण गऱ्यो भनि सूचना पाइन्छ। दीर्घनिकाय (अध्याय १, पृ. ९-१३; आचार्य, वास्तुशब्दकोष, १९९५, ५४८) मा वास्तुविद्या र वास्तुकर्मको व्याख्यां यसरि गरिएको छ - वत्थुविज्जा-घर वत्थु, आरामवत्थुदिनाम, गुण-दोष-सल्लखन विज्जा। वत्थु-कम्मन्ति अकत वत्थुम्हि गेहपतित्थापन' (वास्तुविद्या घरवास्तु र विहारादि वास्तुको गुण-दोष बारे वर्णन गर्ने विद्या हो। वास्तुकर्मले घर-वास्तु (गृहनिर्माण) आदिलाई जनाउँछ।) अश्वघोष लिखित बुद्धचरित (अध्या. ६, श्लो. ३०) मा नगरलाई वास्तु (कपिलवास्तुनः) भनि सम्बोधन भएको छ। यस्तै दामोदरपुरको ताम्रपत्रलेख (ईं सं. ५४३) ले घर निर्माणका लागि उपयुक्त जग्गा र मन्दिरलाई वास्तु (देवकुल-कोष्ठिका करणे भूमौ वास्तु दातुमित्य) भनिएको छ। राष्ट्रिय अभिलेखालयमा रहेको महत्वपूर्ण वास्तुग्रन्थ मञ्जुश्री साधनम् (वेज. ग्रन्थ सूचि, १९८९, स्टुटगार्ट, पृ. २३९, ग्रन्थ सं. १३६३ त) मा निम्न विवरण पाइन्छ - 'ॐ नमः सर्व्वज्ञाय। विश्वकर्मणे नमः। जगतां सृष्टिकर्तारं स्थिति संहारकारकम्। वरदामयपीताङ्गी पुस्तकाक्षचतुर्भुजा। गृहादिसर्व्व वस्तुनां लक्षणानि प्रवक्ष्यते। शुभाशुभ विधिज्ञेया लोकानां हित काम्यया॥ शिल्पिकेन तथा कृत्वा गृहादि सर्व्ववस्तु॥' कौटिल्य अर्थशास्त्र (अध्या. १५, पृ. ११५-११६) ले वास्तुविद्यालाई घर, जग्गा, विहार (मठ), जलाशय र बाँध-कुलो आदि निर्माणमा सघाउ पुऱ्याउने भनि व्याख्या गरेको छ ('गृह-क्षेत्रम् आरामाः सेतु बन्धा तटाकम आधारे) वा वास्तुः)/कौटिल्यले वासस्थानको छनौट गर्दा, धनि, वेदज्ञान भएका, राजा, नदी र वैद्य, यी पाँच किसिमका मानिस भएको ठाउँहरूमा मात्र बस्नका लागि निर्देशन दिएका छन् (धनिकः श्रोत्तियो राजा नदी वैद्यश्च पञ्चमः। पञ्चयत्र न विद्ययन्ते तत्र वासं न कारयेत॥)। शुक्रनीति (अध्या. ४, ३, ११५-११६) ले वास्तुविद्या अथवा शिल्पशास्त्र त्यस विद्यालाई भनेको छ जसले राजप्रासाद, मूर्तिहरू, उद्यान, घर, कुलो र अन्य यस्ता निर्माण वस्तुबारे नियम निर्धारण गर्दछ। अनेक ग्रन्थ र त्रिपिटक समेतका भाष्यकार बुद्धघोष भन्दछन् - 'वास्तुविद्या त्यो विज्ञान

८. खारवेलकी रानीको ई. पूर्व प्रथमको मञ्चपुरी लेख - 'कलिंगान समनानं लेन कारितं (वासु, उपाध्याय, भारतीय अभि. १९६१, भाग-२, पृ. २८; प्रथम श.ई. पूर्वको कान्ह (कृष्ण) सातवाहनको नासिक गुहा लेख - 'लेणंकारितं; उपाध्याय, २, पृ. २३ - 'भदंतेहि वाष निषिदियाये', उपाध्याय, २, पृ. ३५, नासिक गुहालेख, - 'भिखु-संघस-आवसो दतो': दीर्घनिकायमा 'आर्य-आयतन'; भरतसिंह, १९९१, पृ. १९०: जैनग्रन्थ विविधतीर्थकल्प मा-धर्मेक्षनाम संनिवेशो, भरतसिंह, १९९१, ३१५; हाथीगुम्फा अभि. ई पूर्व प्रथममा-'जिनं संनिवेस'; धनवज्र, वि.सं. २०३०, ३४८ तौखेलको अंशुबर्माको ई. सं. ६१५ को अभि. मा 'ग्राम सन्निवेशार्थम् र ई.सं ६२७ को मालाटार अभि. मा सन्निवेश शब्द पाइन्छ।

९. नागार्जुनकोडाको वीरपुरषदत्तको तेश्रो श.ई.को अभि. मा - 'महाविहारस' पाइन्छ। कनिष्कको ई.स ८१ को सारनाथ बोधिसत्व अभि. - 'सद्धेयविहारि'; धनवज्र; लि. अभि, ७५, 'क्षेत्रञ्चाक्षयंदत्तं (श्री) मानविहारे'। अड्ढयोगलाई वृत्तायत, हंसगृह, कुक्कुटअंड समान र गजपृष्ठाकार (हात्तीको पिठ्युजस्तो) भनि वर्णन गरिएको छ। मानसार शिल्पशास्त्र यसलाई माणिक भनि वर्णन गर्दछ र यस्ता ९ किसिमका मन्दिरहरुमा गज, वृषभ, हंस, गरुतमान, आदिबारे उल्लेख गर्दछ। शिल्परत्न वास्तुशास्त्रले (डी. एन. शुक्ल, भारतीय स्थापत्यकला, १९६८, २१३, २२०) प्रासादलाई मान्छे र देउतालाई आनन्द दिने भवन भनी व्याख्या गरेको छ (देवादीनां नराणां च येषु रम्यता चिरम्। मनसा च प्रसीदन्ति प्रासादास्तेन कीर्तिताः)'। अमरकोपले (II, २, ९) प्रासाद शब्दले राजप्रासाद र मन्दिर भनि बोध गराउने कुरा खुलाएको छ ('प्रासादो देव भूभुजाम')। बुद्धघोपले प्रासादलाई विशाल भवन भन्ने जनाएको छ। धम्मपदकथा (भरतसिंह, भूगोल, १९९१, २०१) मा विशाखाले श्रावस्तीमा निर्माण गराएकी १००० कोठा भएको पूर्वारामलाई 'हत्थिनख पासाद' भनिएको छ। ई. पूर्व प्रथमको खारवेलको हाथीगुम्फा लेखले 'महाविजय पासाद' (दरवारको) उल्लेख गर्दछ। हम्मिय शब्दको प्रयोग बुद्धचरितमा सा (III, श्लो. ६, प्रासद पृष्ठावतीर्य; III, श्लोक १३ मा त्यसैलाई 'हम्यतलानि', अध्या. ५, श्लो. ६७, 'हर्म्यपृष्ठा') दरवारको लागि प्रयोग भएको पाइन्छ। गुहालाई अभिलेख र वास्तुग्रन्थहरुमा-गुफा, कुभा, लेण र गुम्फा भनिएको छ। अशोकका नागार्जुनी गुफा लेख ई. पूर्व २७७-२३६मा - 'गोपिका कुभा' भनि उल्लेख छ। चन्द्रगुप्त द्वितीयको संवत् ८२ (ई. सं. ४०१) को उदगिरी गुफालेखमा - 'शम्भो गुहामेताकारयन' भनिएको छ (उपाध्याय, १९६१, II, ५२)।

हो जसले निर्माणका लागि छानिएको जग्गा लछिन भएको अथवा नभएको भनि छुट्टयाउँछ । वशिष्टका अनुसार प्राचीनकालमा ब्रम्हाजीले निर्देश दिए बमोजिम गाउँ, घर, नगर आदि निर्माण वास्तुज्ञान अन्तर्गत पर्दछन् (वास्तुज्ञानम् प्रवक्ष्यामि यद् उत्तम् ब्रम्हना पुरा । ग्राम-सदम् पुरादीनाम् निर्माणम् वक्ष यते धुना ॥) यसै सन्दर्भमा महाकवि अश्वघोषले किसिम किसिमका वास्तुका अनेक निर्माण गर्नाका कारण यसरि बुद्धचरित (अध्या. ११, श्लो. ३७ र ३८) मा वर्णन गरेका छन् - 'प्यास शान्त गर्न पानी, भोक मेटाउन अन्न, हावा, गर्मी र वर्षाबाट रक्षार्थ घर, जिउका गुह्य भागलाई छोप्न र जाडोबाट बाच्नका लागि कपडा, निदाउनका लागि पलंग आदि ओछयाउन, थकाईबाट बच्न सवारी साधन, उभि रहनुबाट बचाउन आसन र जिउलाई स्वच्छता र बलियो पार्न र राम्रो स्वास्थ्यका लागि स्नान गर्नु आवश्यक छ ।[१०] गरुडपुराण (अध्या. ४६, श्लो. २-३) मा आवास, बास, वेष्म, पुर, ग्राम, वणिकपथ, प्रासाद, दुर्ग, देवालय र मठलाई वास्तुभित्र समावेश गरिएको छ । मानसार शिल्पशास्त्रले वास्तुलाई त्यो ठाउँ भनेको छ जहाँ देवता र मान्छे वस्दछन् । यसले (अध्या. ३ श्लो. २-३ मा) वास्तुलाई चार भागमा बाँडेको छ । यो यस प्रकार छ - धरा (जग्गा), हर्म्य (भवन-प्रासाद, मण्डप, सभा, शाला, प्रपा र रंगशाला), यान (आदिक, श्यन्दन, शिविका र रथ) र पर्यङ्क (पंजर, मंच, मंचलि, ककाष्ठ, फलकाशन र बाल-पर्यङ्क) । मूर्तिकलालाई वास्तुशास्त्रको अभिन्न अंग मानिएको छ (आचार्य, वास्तुकोष, १९९५, ५४५-४६; मानसार शिल्पशास्त्र वास्तुप्रकरण, अध्या. ३,४,५ आचार्य, १९२७, ३६) । वास्तुशास्त्रले सबै किसिमका भवनहरू (आवासीय, धार्मिक तथा रक्षाका लागि निर्मित) लाई बोध गराउँछ, यसले नगरयोजना, व्यापारिक तथा औद्योगिक भवनहरू, तलाउ, इनार, उद्यान, सडक, ताल, ढल तथा घाट आदिको निर्माण गर्ने वैज्ञानिक विधि सिकाउँछ । शयनासन, आसन, यान, दीपस्तम्भको साथै मूर्ति, गहना, कपडा आदि निर्माण गर्न सिकाउँछ । शयनासन, आसन, यान, दीपस्तम्भका साथै मूर्ति, गहना, मुकुट निर्माणको विधिबारे ज्ञान दिन्छ । यसले निर्माण तैयारीका सिलसिलामा जग्गा छनौट, माटोको परीक्षण, योजना, नक्सा तैयारी, दिशा-निर्देश, मान-प्रतिमान ('मानानां संगृह्य शास्त्रे संक्षेपतः क्रमात्'-मानसार, अध्या. ३३, २); चाक्लो, लामो र घनत्वलाई जनाउने शब्द परिणाह हो । यसका लागि उपकरणहरू, र ज्योतिष तथा गणितद्वारा नक्साको निर्माण गर्दछ ।

निर्माणका यी वस्तु र वास्तुहरू हाम्रो राष्ट्रिय अभिलेखालयमा रहेको एउटा महत्वपूर्ण तांत्रिक पद्धतिका ग्रंथ वास्तुशास्त्र (वेज. सूचि, १९८९, ५६६, गंन्थ सं. ३९७ त) मा नगर, राजकुल, द्वार, कूप, सभा, शाला, घर, प्रासाद, शूल्कशाला, द्रंग, गवाक्ष (वातायन), प्रतोली, आदि पाइन्छ । हाम्रै अन्य वास्तुग्रन्थ र अभिलेखहरूमा[१०क] मा बाटो, रथ, गाडा (पथ,

---

१०. बुद्धचरित, अध्या. ११, श्लो. ३७-३८, The Buddha Carita, Ed. E.H. Johnston, New Delhi, 1972, 120, ('इष्टंहि तर्पप्रशमाय, तोयं क्षुन्नाशहेतोरशनं तथैव । वातातपाम्वावरणाय वेश्म कौपीन शीतावरणाय वास: ॥) निद्राविघाताय तथैव शय्या यानं तथाध्वश्रमनाशनाय । तथासनं स्थानविनोदनाय स्नानं मृजारोग्य बलाश्रयाय' ॥) बुद्धचति अध्या. २, श्लो. ११-१२, मा एउटा नगरमा हुन पर्ने - बगैचा, मन्दिर,आश्रम, कूआ, धारा, पोखरी र वनहरू जस्ता वास्तु र धार्मिक निर्माणद्वारा नगरलाई स्वर्ग झैं बनाउन उल्लेख पाइन्छ । नगरका मार्ग, नागरिकका घरहरु, राजप्रसाद, नगरपर्खाल, बलियो फलाम डण्डी (चुकुल) समेतका नगरद्वार र ढोका (गुरुपरिघ कपाट संवृता: पुर: प्रतोल्य;) अध्या. ५, श्लो. ८२ मा), होमका धुंआले डढेका तपोवनका बोटहरु, 'हविर्धूमविवर्णवृक्षं' तप: प्रशान्तं वनं; अ. ५ श्लो. ३२ मा जप र देव आराधनाले गुंजायमान भएको मन्दिर (जाप्यस्वनाकूजित देवकोष्ठ;' अध्या. ७, श्लो.३३, झ्याल-आँखिझ्याल (वातायन-वातपान), तोरणशालभंजिका, आँगन (गृहकक्ष्या), गवाक्ष, देवायतन; आलय, घर मा बस्ने चराहरु (गृहपक्षि, कपोतपालिका, जसलाई काठमाण्डौंमा भौट्वा भनिएको छ), सडक-राजमार्गको सिहार-सम्भार गर्ने अधिकृत (मार्गस्य शौचाधिंकृत); राजदरबार (प्रासाद, अन्त:पुर, हर्म्य, देवभवन, कैलासवत्तभवन), राजमार्ग आदिका साथै गहना र आसनहरुको विस्तृत वर्णन यसमा भएकोले यसका सम्पादक जोनस्टोनका अनुसार यस काव्यद्वारा पहिलो श.ई.मा देश र कपिलवस्तु नगरमा रहेको प्रौढ वास्तु सम्पन्नताबारे बोध गराउँछ। यस्तै मंज्झिम निकायको खेमसुत्त र संयुक्तनिकायको अवस्सुत-सुत्तमा कपिलवस्तुको नयाँ संथागारशाला र महावस्तुमा त्यसैलाई सभा भवन भनि उल्लेख पाइन्छ। जातक भाग (१, ३४८) मा कपिलवस्तु नगरलाई १८ हात अग्लो परखाल ( अट्ठावसहट्भेदं पाकारं) र महावस्तुमा त्यस नगरलाई सात ओटा पर्खालले घेरिएको (सप्तहि पाकारेहि) उल्लेख पाइन्छ (भरतसिंह, बुद्धकालीन भारतीय भूगोल, १९९१, २४२)। घोनसाख जातकमा भग्ग देशको सुंसुमारगिरि नगरमा कोकनद प्रासाद र विनय पिटकमा जेतवन विहारमा गृहपति अनाथपिण्डकले परिवेण (आंगनसमेतको घर), उपस्थानशाला, अग्निशाला, कल्पिककुटि (भण्डार), चंक्रमण (व्यायाम गर्ने चौतरा), स्नानागार, पुष्करणिहरू, मण्डप र करेरिकुटि, कोसम्ब कुटि, गन्धकुटि र सललघर आदि ४ महागेहानि निर्माण गराएका थिए।

१०क. रेग्मी, भाग ४, १९६६, पृ. ४६-४८: प्राचीन स्वयंभू स्तूपलाई शमसुद्दिन इलियासद्वारा नष्ट गरिएको (तिरस्कानां परिष्वङ्गादति) थियो र पछि फेरि चट्यांगले विगारेको (वज्रघातै: अतिशय जीर्ण स्तूपमेतञ्चकार) सो स्तूपलाई ने.सं. ७१५ (ई.सं. १५९४) र ने.सं. ७२५ (ई. सं. १६०४) मा द्विपटक जीर्णोद्धार गरियो (देश समुच्चयेन जीर्णोद्धार याङा। ध्वनलि वज्राघात जुयाव-हनो जीर्णोद्धार याङा)। यसरि सो स्तूपको पुनजिर्णोद्धार गर्दा यष्टिस्तंभ (गर्भदारु रेग्मी ४, २५०) को स्थापना गरियो (यलसि थङा)। चित्रित काठका वास्तुअंग र सुनले लेपिएका अनेक वास्तु क्रिया (यष्टिं समारोपितवान- मङ्गल्य कर्म्माकर चित्र विचित्रैरपि हेमवृन्दै र्व्विनिर्म्मतै: शिल्पविशेषकारै:- हेमकुंम्भावदातं) का साथै स्तूपको गोलो जिउ भाग कुम्भ भाग (अण्ड) का चारैतिर पंचध्यानी बुद्धका मूर्ति राख्ने, अर्धमन्दिर (बहुत्तर पटर हर्म्य गेहावलम्वं बहुविध परिवारै: कर्तुमाद्धवास्तुं) आदि कर्मलाई वास्तु भनिएको छ। सो जीर्णोद्धार र निर्माण कार्यहरु विश्वकर्म शिल्पशास्त्र अनुसार भएको थियो भन्ने वाक्य यस अभिलेखमा परेको छ (निर्म्ममौ धर्म्म धातुन्तं विश्वकर्म्म निवेदितं)। भारतका पुस्तकालयमा विश्वकर्मा प्रकाश (वास्तुशास्त्र), विश्वकर्ममत र विश्वकर्मीय शिल्पशास्त्र नाउका हस्तलिखित ग्रन्थहरु छन् (आचार्य, वास्तुशब्दकोष, १९९५, पृ. ७९१-७९४)। एउटा विश्व कर्ममत ग्रन्थ (कलकत्ता, १८७१, मो. २, नं. ७३१, पृ. १४२) लाई राजेन्द्र लाल मित्रले आफ्नो संस्कृत ग्रन्थ सूचिमा प्रकाशित गरेका छन् जुन नेपालको पुस्तकालयको हुन सक्दछ (आचार्य, शब्दकोष, १९९५, पृ. ७९१)।

रथ्या, मार्ग, राजमार्ग, हस्तिमार्ग) दानशाला, शूल्कशाला सत्रशाला (धर्मशाला, पौवा, अन्नशाला), पट्टशाला (पाटी, भार विश्रमणशाला, ठाटी, पलि), भौम, तल, जनाश्रय, जनवास्तव्यमण्डप (रेग्मी, भाग-४, १९६६, २०७), प्रेक्षणशाला (नाट्यशाला, डबली), इष्टिका कुट्टिम (कीर्तिपीताका, श्लो. २८), वापी, प्रणाली, प्रपा, उद्यान, वन, रथ, मण्डप, आपण (विथिका), हट्ट (हाट-बजार), श्रृङ्गाटक (बाटोको चोक), आंगन (प्रांगन, ननि) छादन, कुण्ड, आस्थान, अग्निशाला (वन्हिशाला, अन्दिशाला, यज्ञशाला), तैन्यशाला, गोपुर, पश्चिमशाला, दानशाला, नगर, ग्राम, देश, राष्ट्र, विषय, मण्डल, भुक्ति, द्वार, दुर्ग, प्रतोली आदिबारे उल्लेख पाइन्छ ।

वास्तुबारे उल्लेख र प्राविधिक विवरण वास्तुग्रन्थ, वेदांग, पुराण, महाभारत, रामायण, ज्योतिषशास्त्र, तन्त्रशास्त्र, आगमग्रन्थ, तथा जीवनकथा (बुद्धचरित, ललित विस्तर, हर्षचरित, सौन्दरानन्द, मिलिन्दपन्हो) र सबै कालका अभिलेखहरूमा पाइन्छ । बौद्धग्रन्थहरू[११] (विनयवस्तुका चुल्लवग्ग र महावग्ग, दीघनिकाय र यसका महापरिनिव्वाणसुत्त, बुद्धघोषका अट्ठकथाहरू र जातककथाहरू तथा जैनग्रन्थमा पनि प्रशस्त प्राविधिक वास्तुशब्द र विवरणहरू पाइन्छन् ।

## नेपालका वास्तुग्रन्थको सानो परिचय

नेपालमा सारिएको पहिलो ग्रन्थ हो किरणतन्त्र जसलाई ने.सं. ४४ (ई.सं. ९२३) मा लेखिएको थियो र यो ग्रन्थ भक्तपुरवासी उदयपालको थियो (वेज. १९८९, पृ. पृ. ५७७) । यहाँका सबभन्दा बढी प्रख्यात ग्रन्थ थियो दोश्रो श.ईंका बौद्ध विद्वान नागार्जुनले लेखेका क्रियासंग्रहकारिका (योगाम्बरसाधन, वेज पृ. ५३२, 'ननिष्पाद्यं प्रतिमा स्थापयेत् ... चित्रकर्म्म वले पिण्डीर्गण्डिका लक्षणं ततः । लक्षणं धर्म्मधातूनां योजनमवरोपणाम् । जीर्णद्यारोपसंहारो पूजयेत-- श्री क्रियासंग्रहकारिका समाप्ता । कृतिरियं श्री नागार्जुन पादानाम्, सम्वत् २८४ द्विपौष कृष्ण पन्चम्यां लिखितमिति अभयगुप्तस्य पुस्तकोअयं ..) । यसका अनेक नाउ र मितिमा प्रतिलिपि र लेखिएका ग्रन्थ राष्ट्रिय अभिलेखालय, जापानको टोक्यो र क्योतो वि.विद्यालयहरूमा छन् (क्रियासंग्रह पंजिका, संग्रहकर्ता-कुलस्त; क्रियासंग्रहपंजिका, एशियाटिक सोसाइटी कलकत्तामा, लेखक भिक्षु वज्राचार्य वीरमति, ने.सं. ३७ (ई. १२५२:) क्रियासंग्रह, ने.सं. ३३६.(ई. सं. १२१५), केशर पुस्तकालय; क्रियासंग्रह पंजिका, ने.सं. ३८५, (ई. १२६४), टोक्यो विश्वविद्यालयमा; क्रियासंगह, दानपति अमरचन्द्रस्य नेसं. ७१३ (ई.सं. १५९२) मा लेखिएको थियो । वटुटोल महाविहारको स्थापना शाक्यभिक्षु हर्षपाल र उनका परिवारले क्रियासंग्रह ग्रंथ अनुसार गरेका थिए (डि. रमण रेग्मी, म. नेपाल ४, पृ. ४०-४४, 'यथाक्रियासंग्रह शास्त्रोक्त कर्म्मपरिपातेन एवं जाम्वनद महाविहार संस्थापितार्थ, पाद्संस्थापितं, वनयात्रा, द्वारस्थापन, स्तम्भस्थापनं, गवाक्षस्थापनं, शिरोदारुस्थापनै, यथाविधिषटकर्म्म कृत्वा वर्षे केन सम्पूर्ण)' । राष्ट्रिय अभिलेखालयमा रहेका अरु केही महत्वपूर्ण ग्रन्थहरू छन् - ब्रम्हयामल, निश्वासाख्य तन्त्र, प्रतिष्ठा लक्षणसार समुच्चय, सिद्धान्तसार, कालोत्तर तन्त्र, प्रतिष्ठातन्त्र, ब्रम्हसंहिता, मयसंग्रह, भट्टोत्पल रत्नमाला, ज्योतिषरत्नमाला, योगयात्रा, प्रतिमा लक्षण[११क], कोट्याहुति

११. बौद्धसाहित्यहरुमा - आपण (मज्झिम निकाय, 'आपण अंगानाम निगमो') शूकठान (शूल्क शाला), रथविनीतानि (रथविसाउने थान), आवसथागारशाला, राजागार (धर्मशाला), उपस्थानशाला, संथागारशाला (सभा भवन), परिवेण (आँगन समेतको घर) थुप, चेतिय, अग्निशाला (पानी तताउने कोठा), कल्पिक कुटि (भण्डारघर), पधानघर (ध्यानघर), कोट्टागारशाला, मंचशिविका (वलिकी), आलिन्द (बराम्दा), सत्तभौमक पासाद (सात तल्ले दरवार), चक्रमणशाला (व्यायाम गर्ने ठाउँ), स्नानागार, गन्धकुटी (बौद्ध मन्दिर, शाक्यमुनि बस्ने घर), द्वारकोट्टक (ढोकाका दुवैतिरका कोट), पधानघर (ध्यानघर), पाकार (पर्खाल), रथविनीतानि (रथ, गाडाहरु विसाउने ठाउँ), सुसान (शमसान), आसन्दी, सत्तंगो, भद्दपीठम, कोचछम (आसनहरु), कूटागारशाला, तोरणवत्थुगाम, पोसथागारशाला अशोकको सारनाथ अभि., वेणुद्वार, महानगरानि (महापरिनिव्वाणसुत्त, यीनगर थिए, चम्पा, राजगृह, श्रावस्ती, साकेत,कौशाम्बी र वाराणसी), क्षुद्रनगर (सानो शहर), महागोविन्दसुत्तमा जम्बुद्वीपका सात जनपद र तिनका राजधानीहरु, सिप्पायतनानि (शिल्पस्थानहरु), आयाम-वित्थारण (लामो र चाक्लो), ठानानि (धार्मिक स्थलहरु), नगर, विशाल, सुन्दर (मिथिलं फीतं विशालं सव्वतो पभं), अनेक भागमा विभाजित (विभत्तं माग सोभितं), अनेक पर्खालले घेरिएको (बहुपाकार तोरणं) ठूल-ठूला तल्ला भएका घर (दलह अट्टाल कोटकं) गोरु, गाडा र रथहरु भएका (गवास्सरथ पीलिते) हुन्थ्यो । बुद्धघोप अनुसार राजगृहनगरमा 'अन्तोनगर' र 'बहिर नगर', ३२ ओटा महाद्वार र ६४ ओटा साना द्वार थिए ।

११क. प्रातिमालक्षण, वेज. पृ. ६६७, III, ३१९C,
'लक्षणञ्च प्रवक्ष्यामि नराणम हित काम्यया
येन विज्ञानमात्रेण संक्षेपेण तु विस्तरात् ॥
लक्षणं साधयेत सर्व्वे देवप्रासाद निर्म्मितम् ।
प्रतिमा प्रासादश्चैब शस्त्रमस्त्रादि योजयेत ॥
योजितव्यं प्रयत्नेन लक्षणं समुदाहृतम् ।
कात्यायने - - विधिं नराणाम् हित काम्यया' ॥ (यसबाट यस ग्रंथको संपादन कात्यायनवास्तुशास्त्रको आधारमा भएको भनि प्रमाणित गर्दछ) ।

(भक्तपुरको न्यातपोल स्थापना बारे), गर्गभाषित वारिशास्त्र (ने.सं. १९०=ई.सं. १०६६), सिद्धान्तसार पद्धति (ईसं. १०६६) मा सारिएको ग्रन्थ । बौद्धवास्तुग्रन्थहरूमा महत्वका ग्रन्थहुन् - मञ्जुश्री साधन, साधनसमुच्चय, स्तूपलक्षणकारिका[१२], यथाविधि विहारस्थापन सम्बन्ध ताडनकथा, चैत्यव्रतानुशंसा, जातककथाका रचनाकार आर्यसुरका सुभाषित रत्नाकर, वज्रावलीतन्त्र (ने.सं. २०२=ई. १०८१), हेरुकतन्त्र (वेज. सूचि, पृ. ६५४-५६, ने.सं. ७८८); मण्डलसूत्रपाठ लक्षण, देवता प्रतिष्ठा, चित्रादिरुप लक्षणं, ज्ञानोदयतन्त्र, अद्धयवज्रसंग्रह (तत्वरत्नावली, वेज. पृ. ४९१) आदि । काठमाडौं उपत्यकामा मिथिलाबाट पनि केही वास्तुशास्त्र भित्रिएका छन्, जुन निम्न प्रकारका छन् - शाके सं. १५३७ (ई. १६१५) मा रघुनन्दनले रचना गरेका 'प्रतिष्ठातत्व, भोजदेवको रचना 'विविधविद्या विचार चतुरा' लाई मैथिली लेखक शुभपतिले मिथिलाक्षरमा सम्पादन लक्ष्मण संवत् ३७२ (ई. १४९२) मा गरेका थिए । महादेवले शाके सं. १६१२ (ई. १६९०) मा लेखेका रत्नकलाप, पण्डित वर्द्धमानको रचना योगमञ्जरी (वेज. पृ. ३५१), भोजदेवसंग्रह जसको सम्पादन दामोदरले शाके १२९७=ई. १३७५ मा गरेका छन् (वेज. पृ. २३८) र धर्म्मारण्य (लिपि मैथिली) आदि । पाटन निवासी कुनूशर्मा नाउका मैथिल विद्वान[१३] ले ने.सं. ७७२ (१६५१ ई.) मा पाटनका राजा श्रीनिवासमल्लको राज्यकालमा ललितपुर नगरभित्र रहेका सम्पूर्ण वास्तुतत्वहरूको वर्णन वास्तु-प्राविधिक शब्दको अधिकतम उपयोग गर्दै कीर्तिपताका ग्रन्थ लेखेका छन् । यस ग्रन्थमा त्यस वखतको नेपाल उपत्यकालाई नेपाल मण्डलको संज्ञा दिदै ललितपुरको बाटो, मन्दिर, मठ, देवमूर्ति, ढुंगेधारा, कूपहरू, ईंटले वेष्ठित चोक-श्रृंगाटक, हाटक, वीथिका र आपण (पसल), नगरद्वार (गोपुर), खापाहरू (कपाटोत्तमै), नगर पर्खाल (प्राकार) परिखा (खाल), देशक्वाठ (रक्षा अट्टालक), मन्दिरका सुनौला छाना (जाम्बूनदछादन), मणिमण्डप, राजदरवारका राजा र मन्त्रिहरू छलफल गर्ने चोक र सभागह, (Hall of Public-audience, आस्थानशाला, मानसार राजगृहविभाग, आचार्य, पृ. ५८, मा पनि आस्थानशालाको उल्लेख छ ॥ छाने शैलीका अग्निशाला (सुपटैः वन्हि शालोत्तम), रथ्या (सडक), ईंटले छापेका चौतारा अथवा नाचका लागि डबलीहरू (रम्ये इष्टिका कुट्टिमै, नृत्यस्थान वरेष्टिका सुललितो विद्योतते नर्त नै-श्लोक. ५९), छाने शैलीका मन्दिर (श्लो. १५, मत्स्येन्द्रनाथेन सुवर्ण पटलो स्त्रिपटलैर्गोपानसी), प्रेक्षण (नाट्यशाला), वन-उद्यान र नागरि कका अनेक तल्ला भएका अग्ला घरहरू (श्रीमद्‌गेह विशालतुंग पटलैर ग्न्यालयैः सज्जनैः श्लो. ४९) आदि अति सुन्दर प्राकृतिक र मानवनिर्मित वास्तुको चित्रण गरिएको छ । यसै सन्दर्भमा पाटनका चोभारमा घर भएको एउटा विद्वान वज्राचार्यसँग १०३० ई. मा पढ्न आएका तिब्वती विद्वान वज्रकीर्तिको जीवनीबाट नेपाल उपत्यका र त्यसबखतको पाटन नगर, चोभारको गुफा समेतको एउटा अत्यन्त राम्रो वास्तुविवरण प्रस्तुत हुन आएको छ ।[१४]

नेपाल र भारतमा रहेका वास्तुग्रन्थहरू मूलरचना नभएर भाष्यग्रन्थहरू हुन् । त्यसैले ती ग्रन्थहरूमा प्राचीन ग्रन्थ

---

१२. वेज. सूचि, १९८९, पृ. ५३६-३७
'प्रकीर्णका विनयप्रोक्तां यल्लोकोत्तरवादिना ।
यच्चचन्येपां निकायानाम् सूत्रादौ स्तूप लक्षणम् ॥
सव्वर्त्तुत से - - भद्रव्यूहेन कथ्यते ॥
परिणाहेन कुम्भस्य स्तूपमुच्चे प्रकीर्त्तितम् ।
तदंशेन तु नेम्यादि यावद् यष्टिशिरं क्रमात् ॥
स्तूपलक्षण शास्त्रस्य वस्तुमात्रोपदर्शनात् ।' (यस ग्रंथका रचनाकार भद्रव्यूह थिए र यसमा लोकोत्तरवादी र अन्य बौद्धशाखाका विनयवस्तुलाई आधार बनाइएको थियो) ।

१३. श्रीकुनू शर्माको कीर्तिपताका, अनु. योगी नरहरिनाथ, जगदम्बा प्रकाशन, २०१८, 'इतिश्री कुनू शर्माणा विरचिता कीर्ति पताकाः' । उनको अर्को ग्रन्थ विष्णुशतक (आशासफू कुठीमा ग्र. सं. २२९७ रहेको) मा उनका बारे यसरि परिचय पाइन्छ - 'श्री मिथिला कुलोद्‌भव - - विद्या सम्पत्ति वंशे संभवतनु श्री देवजु शर्म्मणः पुत्रेण रचिते विष्णुशतकं श्रीमत् कुनू शर्म्मणा' । सं. ७७१ वैशाख गुदि ४ ॥ उनको रुद्रशतक नाउको तेश्रो ग्रंथ (ग्रं.सं. २०१५, आशा सफुकुठी) मा उनका बारे यसरि लेखिएको पाइन्छ - 'इति श्री मैथिलेय कुनू शर्मणा विरचितं रूद्रशतकं ../.. श्री मैथिलेयेनैव विद्यासागर शारदेन्दु सदृश--विद्यासिन्धु कुलोद्‌भव द्विजवर श्रीमत कुनू शर्म्मणा--तंनिग्ल तोल संस्थितेन-- । संवत् १७७१ चैत्र मासि च शुक्ल पक्ष वरदे -- । ललितामिधान गरी स्वर्गावतीर्ण भुवि श्रीमत् सिद्धिनृसिंह मल्ल पतिना संपालितया मुदा'-- ॥

१४. Hubert Decleer, Vajrakirti, The Translator from Rwa, Buddhist Himalaya, 1994-95, Vol-VI, 1-16; 'This valley is shaped like a lotus in bloom, with auspicious trees. Rivers flow down with water having eight qualities. There are sweetly perfumed water whirling down in bathing tanks, there are fine gardens with medicinal herbs and flowers, There are residences of pandits, as well as cremation grounds. The large city of Patan have four main streets, and surrounded by a wall having four main gates. Along the public squares, in the traders houses, embellished with marvelous (wood-work) designs. 9on) thenorthern end of this city (there was) a quarter of town inhabited by a large number of weavers. The royal palace along with official buildings have some 500 rooms, ornamented with most wonderful designs. Along the public square there are traders houses. In every direction there are innumerable sacred images and monuments. People treat them with utmost respect and present an uninterrupted flow of offerings.'

अथवा ग्रन्थकारहरूको उल्लेख पाइन्छ । झन् नेपालमा वास्तुविज्ञानको ग्रन्थको रचना र लेखन पछि भएको पाइन्छ । पूर्वमा उल्लेखित किरणतन्त्रको रचना नेपालमा ने.सं. ४४ (ई.सं. ९२३) मा भएको थियो र यसपछि एघारौं श.ई.मा ब्रम्हयामल, (ने.सं. १७२=ई.सं.१०५१), निश्वासाख्य महातन्त्र (१०५९ ई.), गर्गभाषित वारिशास्त्र (ने.सं. १९०), सिद्धान्तसार पद्धति (ने.सं.१८७) र बज्रावलीतन्त्र लेखिएका थिए । बाह्रौं श.ईमा प्रतिष्ठातन्त्र, योगाम्बर साधन, पिङ्गलामत, आदि, तेह्रौं श.ईमा प्रतिष्ठा लक्षणसार समुच्चय, ज्योतिष रत्नमाला (ने.सं. ३२२), प्रतिष्ठापद्धति; चौदहौं श.ई.मा प्रतिष्ठासारसंग्रह (ने.सं. ५०७) तथा पन्ध्रौं श.ईमा वृहत्कालोत्तर तन्त्र, विविध विद्याविचार चतुरा (मिथिलाक्षर, ल.सं. ३७२=ई. १४९२) आदि लेखिए । सोह्रौ र सत्रौं श.ई.मा धेरै ग्रन्थहरूको रचना भएको पाइन्छ र शाहकालमा पनि अनेक वास्तुशास्त्रहरूको रचना भएको थियो जस्तो तिनतले देवल र नरम देवलको नमुना, घर बनाउने नक्सा, शास्त्रीय मन्दिर आदि) ।

प्रायः सबै किसिमका वास्तुशास्त्रमा नाप र परिमाण (मानोपकरण विधान, मानसार अध्या-२) को अत्यधिक महत्व रहेको छ । नेपाल संवत् ८१२ (१६९१ ई.सं.) को एउटा अभिलेखमा वास्तुशास्त्रको प्रमाण अनुसार चैत्य जीर्णोद्धार र निर्माण गरेको वर्णन पाइन्छ ('सुवर्ण चैत्य - जीर्णोद्धारण याडा--यथाशास्त्रोक्त प्रमाण प्रतिष्ठा यास्यं'-रेग्मी-४, पृ. २१७) । मण्डनको शिल्पशास्त्रले यसलाई आयादि लक्षण भनि सम्बोधन गरेको छ । तिनलाई मुख्य रुपमा ६ किसिमसँग बाँड्न सकिन्छ । ती हुन् - मान् (अग्लाई), प्रमाण (विस्तार), परिमान (चाक्लो र परितः), लम्बमान (माथि देखि तल सम्मको नाप), उन्मान (मोटाई) उपमान (दुई ओटा अंग माँझको नाप) । यी बाहेक घनमान (बाहिरी नाप), अघनमान (भित्रीक्षेत्रको नाप) र तालमान (तुलनात्मक नाप) छन् । यी नापहरूको उपयोग जग्गा, वास्तु र मूर्तिको लागि प्रयोग हुने गर्दथियो । यी नापका लागि मुख्य रुपमा हात, वित्ता, दण्ड र डोरी प्रयोग गरिन्थ्यो । एक नगर बाट अर्को नगरको माँझको नाप योजन, गावुत्त (अन्दाजि १ कोस), को प्रयोग पाइन्छ । योजन लगभग ३$^{१/२}$ देखि ४ कोसको हुन्थ्यो । बौद्ध साहित्य अनुसार अंगुल, विदट्टि, यटि्ठ, कुक्कु, हत्थ, उसभ, धनु, गावुत र योजनको प्रयोग गरिन्थ्यो । ने.सं. ८६२ (ई.सं. १७४१) को तामापत्रमा जग्गाको नापका लागि हात, अंगुलि र पादको प्रयोग भएको पाइन्छ (रेग्मी-४, पृ. ३००, 'सप्तांगुलि सद्धि पोदशहस्ताधिक तृपाद, त्रयोदश खा परिमितं (क्षेत्रं))' । बौद्ध साहित्य र वास्तुकलाको नापका लागि अभिधानप्यदीपिकामा महत्वपूर्ण विवरण पाइन्छ (भरतसिंह, १९९१, ४६०) । हिन्दूग्रन्थमध्ये भाष्कराचार्यका लीलावती, सूर्यसिद्धान्त र सिद्धान्तशिरोमणी, मानसार शिल्पशास्त्र, र वराहमिहिरको वृहतसंहिता आदि यसको लागि महत्वपूर्ण छन् ।

यी वास्तु र वस्तु निर्माण गर्नका लागि राष्ट्र (राज्य, जनपद, देश), प्रदेश (भुक्ति, मण्डल), विषय (जिला), गाउँ, नगर, तल, रथ्या (टोल) आदि रुपमा भौगोलिक ठाउँको विभाजन पाइन्छ ।

ठूल-ठूला प्रासादहरू (राजदरवार र ठूला भवनहरू) अनेक तल्लाकार हुने गर्दथिए जसलाई धातु (ऋग्वेद, ४, २००: आचार्य, मानसार, १९२७, ६, 'त्रिधातु शरणं' - तीन तले भवन), तल (बुद्धचरित, अध्या. ३, श्लो. १३ हर्म्य तलानि) र भौम् र पटल (त्रिभौमं, सत्त-भूमिक-पासाद, जातक-१, २२७, शंखमूल अभि. 'प्रासाद सचकार पंचपटलैः') भन्ने गरिन्थ्यो । यसैगरि त्यस्ता ठूला भवनहरूमा तीनदेखि सातओटा समेत आँगन हुन्थ्यो, जसलाई पुर (अन्तःपुर, दरवारको रानीहरू बस्ने आँगन), आँगन (धनवज्र, वि.सं. २०३०, ५६६, राजाङ्गणमध्येन), अन्तरमण्डल (मानसार, अध्या. ३३: र अध्या. ३१, प्राकारविधान, आचार्य, १९२७, ५१-५२), प्राकार (मानसार मा चौथो आँगनलाई प्राकार भनिएको छः आचार्य, १९२७, ५२), र ननि । मध्यकालका नेपाली अभिलेख (ई.सं. ११६३) मा लेखिएको क्रियासंग्रहकारिका (वेज पृ. ५२) मा प्रयोग भएको शब्द ननि थुप्रै ठाउँमा अहिले सम्म पाइन्छ । शूबहाल, पाटनको ने.सं. ६६६ (ई.सं १५४५) को ताम्रपत्रमा ननिमा निर्मित सानो चैत्यलाई सुवर्ण छत्रावलि चढाएको वर्णन छ ('थव ननिस चोग्व चैते भदादसके सुवर्ण चक्रावलि, शुवर्ण तिणिछत्रनोकं'-रेग्मी-४, पृ. ५:) । अर्को ने.सं. ८२० को अभिलेख अनुसार आंगनमा किल्ला गाँड्नु र फोहर फ्याक्न बन्देज गरिएको छ ('ननिस किलताय--कचिंगलन सनेमदु'-हेमराज शाक्य, तुलसीराम वैद्य, मध्य. नेपाल, १९७०, १८८) । वास्तुशास्त्रमा अर्को एउटा महत्वपूर्ण अंग हो शालाविधान । माँझमा एउटा चोक भएको र एकतर्फ भवन (एकशाला), द्वितिर भवन निर्माण गरिएको ( द्विशाला), आँगनको तीनतिर भएको भवनलाई (त्रिशाला) र चारै तिर निर्माण भएकालाई चतुःशाला लक्षण भनिएको छ । वृहत्संहिता (एल-३, श्लो. ३८) मा त्रिशाललाई चुल्लि नाउँ

दिइएको छ (आचार्य, वास्तुशब्द कोष, १९९५, १९७, 'चुल्ली त्रिशालकम्') । भारतको नहपाल कालका ई.सं. ११९-१२५ भित्रको गुफालेखमा चतुशाला पाइन्छ (उपाध्याय, II, पृ. ४२; मानसार अध्या. १९-३० मा, एकभूमि-विधान, द्वितल-द्वासत्तल: । ई. संवत् १४१९ देखि १४६९ ई. भित्र मेवारका राजा कुम्भकर ण मेदपातिका दरवारिया मण्डनले रचना गरेको ग्रन्थ वास्तुशास्त्र अथवा शिल्पशास्त्रमा शालालक्षणबारे द्विओटा अध्यायहरू र अग्निपुराण अध्या. १०६, श्लो. २०-२४, मा एक शालदेखि चतुशाल सम्मको वर्णन पाइन्छ । यस्तै सुप्रभेदागम, अध्या. ३१) मा नंद्यावर्त प्रासादलाई चतुःशाल भनिएको छ (आचार्य, वास्तुकोष, १९९०, २९५-२९६, ७८९) । घर निर्माणको यो विधि हरप्पा युग (कालिबंगा-बी.बी. लाल, संपा. अ. हसन दानी, १९८१, ५२) को देन हो जुन प्रविधी गाउँ, नगर र शैव तथा बौद्ध मठ-विहारमा पनि अति प्रसिद्ध भयो । काठमाडौं उपत्यकाका नगर र गाउँमा पनि चतुशाला अति प्रख्यात भयो (रेग्मी-४, पृ. १३२, ई.सं. १६६५, 'अचीकरद् गेह चतुरस्त्र' । चौघरा घरहरूका समूहलाई मण्डल पनि भनिएको लिच्छवी र मल्ल अभिलेखहरूमा पाइन्छन् (धनवज्र, लिच्छवि अभि., २०३०, ५६६, महाप्रतिहारस्य गृहमण्डल: पृ. ५३९, ई.सं ७१५; नदगृहमण्डल; रेग्मी, १९६६, ई.सं १६७१, 'गृहमण्डल जिनल'; चतुशालाको चर्चा कर्णाली प्रदेशका वास्तु अभिलेखहरूमा पनि पाइन्छन् । यसपछि क्रमशः मण्डप, द्वार, स्तम्भ आदिका विभिन्न किसिम हुन्छन् । मण्डप भन्नाले स्तम्भमाथि उभ्याइएको र अधिकांशमा पर्खाल नभएको अलग भवनलाई बोध गराउँछ । मण्डप एउटा अलग निर्माण गरिएको भवनलाई बोध गराउँछ । यो सभागृह, देवगृह, जनाश्रय, पानीमण्डप, विवाहमण्डप, पृष्पमण्डप, भजनमण्डप, अभिषेक मण्डप, अर्धमण्डप, मेरुजमण्डप (पुस्तकालय), पद्मकमण्डप (पाकशाला),यज्ञमण्डप, आदि प्रकारका हुन्छन् । आकारका आधारमा तिनलाई दण्डक, स्वस्तिक, चतुर्मुख, मौलिक र सर्वतोभद्र (पाँचमुख भएको) आदि तिनका आकार वमोजिम नाउ दिइएको पाइन्छ । काठमाडौंमा मण्डप र मण्डू, भक्तपुरमा माढी (गोलमाढी, सूर्यमाढी), कर्णाली प्रदेशमा मण्डू भनि अपभ्रंश भएका नाउँ पाइन्छन् ।

## नेपालका वास्तुक्षेत्र र निर्माणका प्रक्रियाहरू

नेपालमा आफ्ना-आफ्ना भिन्ना-भिन्नै शैलीमा वास्तुहरू प्रस्तुत गर्ने तीनओटा भूभाग छन् । ती हुन् मिथिला र पश्चिम नेपालका तराई क्षेत्र, नेपाल मण्डल र कर्णाली प्रदेश । ती प्रदेशहरूमा आफ्नै शैलीका वास्तु छन् । मिथिलामा प्राचीन कुक्कुट अण्डाकार (Elliptical) र हस्तपृष्ठाकार गर्भगृह भएका मन्दिर र अर्धमण्डप, सभागृह, जलसंविधिवास्तु, पालहरूको प्रभावमा निर्मित वास्तु, पछि कर्णाटक प्रभाव भएको, र गुप्तहरूको प्रभाव भएको पूर्व र पश्चिम नेपालका शिखराकार र रथाकार बुट्टे ईटले निर्माण गरिएका मन्दिरहरू, अर्धअण्डाकार गर्भगृह (Apsidal) मन्दिरहरू छन् । कर्णाली क्षेत्र र त्यहाँबाट पाइएका अभिलेखहरूबाट राजधानी, नगर, गाउँ, थान, पीठ, विहार, गढी, राजप्रासाद, प्रणाली (नाउली), कुलो, धर्मशाला, विश्रामशाला, चैत्य, रंगमण्डप, कीर्तिस्तंभ, वापी, वीरस्तंभ (वीरगल), हात्तीसार, घोडाको स्तबल, सिंहासन (आसन), शिलापत्र, तांबापत्रका साथै रजस्थान, खसदेश, विषय, वास्तुपूजा, शिला संकलन, शिला प्रवेश (प्रथमेष्टक स्थापन, यसको चर्चा काश्यप लिखित अंशुभेदागम तथा मानसारमा पाइन्छ), गृहप्रवेश, (मानसार अध्या. ३७ र विश्वकर्मीय शिल्पमा पनि पाइन्छ), जीर्णोद्धार, शिल्पि पुरस्कार र यात्रा-पर्व, स्थपति र सूत्रधारका साथै समूहमा निर्मित मन्दिर (परिवालय)[१५] आदिको वर्णन र वास्तु पाइन्छन् । कर्णाली प्रदेशका वास्तुमा काठमाडौं र मिथिला भन्दा भिन्नै प्रतिहार वास्तु (राजस्थान, खजुराहो, उडिसा र कुमाऊ-गढवाल प्रदेश) को प्रभाव पाइन्छ ।

वास्तु निर्माणका प्रक्रियाबारे विचार गर्दा यहाँ केही अभिलेखका उदाहरण प्रस्तुत गरिन्छ । पाटनको पिंबहालस्तूपको जीर्णोद्धार गर्दाको पुनर्निर्माण यस प्रकार गरिएको व्यहोरा त्यहाँ रहेको ने.सं. ८४२ (ई.सं. १७२१) को अभिलेखले वर्णन गर्दछ - 'न्यासपिंकास्य, जीर्णोद्धारण याङा' । पाटनको क्वावहाल चैत्य अभिलेख (ने.सं. ८३१=ई.सं. १७१०) ले वर्णन गर्दछ - 'वनजात्रादिकृत्वा, यथाशास्त्र प्रमानतः पुनः संस्थापिता यष्टिं' । चापागाउँको ने.सं. ८२५ (ई.सं. १७०४) को अभिलेखमा

१५. तारानन्द मिश्र, सुर्खेतक्षेत्रको राजनैतिक, धार्मिक तथा सांस्कृतिक इतिहास, प्राचीन नेपाल, अंक १५७ पृ.३७-५७।; मानसार शिल्पशास्त्र, आचार्य, १९२७, ५१-५२, परिवार विधान अध्यायमा एउटै प्राङ्गणभित्र ३, ८, १६ र बत्तिस ओटा समेत समूहमा मन्दिर निर्माण गर्ने विधान पाइन्छ। कामिकागममा यसरि उल्लेख पाइन्छ - 'मण्डपे गोपुरेवप्रे परिवारालयादिशु- 'आचार्य, शब्दकोष, १९९५, पृ. ४१३। यस्ता समूहगत मन्दिरहरु भारतको वृन्दावनमा, खजुराहोमा, राजस्थानको ओसिया, दमनार, र काँगडाका मसरुर, पथरी तथा उदयपुरमा पाइन्छ (पर्सी ब्राउन, इन्डियन आर्किटेक्चर, १९५९, ११२, ११५ र ११६)।

शिवालय स्थापना गर्दा द्रविड देशबाट आएका हरिशंकर भट्टले दक्षिणदेशका निगममा भएको व्यवस्था अनुसार सारा प्रक्रिया अपनाइएको विवरण पाइन्छ (रेग्मी-४, पृ. २४७, मूर्तिः शिवस्याकृति .. समस्त शास्त्र निगम व्याख्याति भूमिंगता..... शिवालयं तत्प्रसादाच्चक्रं ...शास्त्रे प्रतिष्ठः सुकृतै) । भक्तपुरका थंथुबहिलको ने.सं. ७९४ (ई.सं. १६७३) मा पुननिर्मित विहारमा यस किसिमका विधि अपनाइएको पाइन्छ - 'शास्त्रोक्त विधानेन जिर्णोद्धारण कारितो शल्योद्धारादिकं, भूमिशोधन साधयत् । पाद्स्थापन, द्वारादि, धरनिकादि विधानत; गवाक्षतम्भसंस्थाप्य शिरोदारु समन्तत । कनककरस (कलश) छत्रपुष्पावलितु' (रेग्मी-४, पृ. १६१) । नेपाल सम्वत् ५४१ (ई.१४२०) मा फर्पिङ्गमा स्थापनाको शुरुवात गरी लगभग एघारवर्ष पछि ने.सं. ५५२ मा शक्तिपुरुपोत्तम् मन्दिर (विष्णु हर्म्यै, विष्णुमन्दिर) को स्थापना भएको थियो । त्यस मन्दिर निर्माणका अभिलेखमा निम्न अनुसारको वर्णन पाइन्छ - 'कृतं देवालस्य प्रतिविंवकम् पापाण निर्मित देवं - रविवार मुख्ये संस्थापितं श्रीशक्तिपुरुपोत्तम् विश्वकर्म देहलीयोज्य भूमिकम विधिनास्थापितांद्वारं यज्ञं कृत्वा दिनैककम् । फाल्गुण शुक्लयोगेसूर्य दिने स्थापितद्वारकं विश्वकर्म्माविकालोकै काष्ट तु योजितं--पुनः च तुलाकांतु प्रतिस्थितम् । ज्येष्ठ-शुद्धियोगे --तु चुलिकां (छाना) स्थापनम् । जय यक्षमल्लदेवस्य विजय राज्ये-सर्वत्रच्छादितं श्रृंखलेवच (प्रत्येक तल्लाका छानालाई छाइयो), सुवर्ण कलशैंकं तु विधिना च प्रतिष्ठापिताम् । स्वर्णध्वजारोपित विष्णुहर्म्यै ।' वटुटोलको ने.सं. ७१३ (ई. १५९२) को अभिलेखमा त्यहाँ जाम्बनद महाविहार स्थापना गर्दा यी प्रक्रियाहरू अपनाइएका थिए - 'प्रथमतरं भूपरिग्रहं, क्रोधाग्निपूजा, कुमारी अर्च्चणा, मारीचिर क्षा, शल्योपरिक्षा, भूमियाचना, एकाशीति कोष्ठकस्थ देवतापूजा, जवारोपनं, जांगुलिपूजा, कलशाधिवासन, कीलकारोपनं, सूत्रपातनं, वास्तुपरीक्षा, सन्धिपरीक्षा, भूमिखण्ड, पाद्स्थापन, पर्य्यन्तानां यथांक्रियासंग्रहशास्त्रोक्त कर्म्मपरिपातेन .. वनयात्रा, द्वारस्थापनं, स्तंभस्थापनं, गवाक्षस्थापनं, शिरोदारु स्थापन पर्यन्तानां, चेकन अतन, वलालन तयादु, यन्ताछेंया अंगनापि-चूयाव लाछे दयकु--इदं विहारं श्रृंखलावलोहनं भवतु' (रेग्मी ४, ३७-४४)।

यस्तै भक्तपुरमा महीपालका छोरा सम्भारको देवीमत महातंत्र अनुसार ई.सं. ११३३ मा लेखिएका प्रतिष्ठातन्त्रमा यस अनुसार वास्तु अध्यायहरू छन् - वेधलक्षण, योज्यायोज्य लक्षण, भित्तिबन्ध, भूमिबन्ध, गुरुशिष्य विशेषण, प्रासादोद्यमन, भित्तिप्रमाणनियम, सूत्रपातलक्षण, शल्योद्वार लक्षण आदि (वेज. सूचि. पृ. १८०) । राष्ट्रिय अभिलेखालयमा रहेको एउटा अर्को मैथिली लिपिमा लेखिएको ग्रन्थ छ धर्मारम्य (वेज. सूचि १९८९, ७०५-७१०, ग्र.सं. III, ३४९) यसमा देवताप्रशंसा, लौहजङ्घाख्य, देवताप्रशंसा, यात्राच गृहवास्तु, प्रसादोत्सर्ग, जलाशयोत्सर्ग, विष्णुगृहलेपनादि, शिवालयमार्जनादि, आदि वास्तु अध्यायहरू परेका छन् । अभिलेखालयमा रहेको एउटा अर्को शैवमतको कालोत्तरतंत्रमा, लिंगपटल, प्रतिमापटल, घण्टा लक्षण, मातृभैरववर्णन, वास्तुयाग, पीठपटल र शक्तिवर्णन पटल छन् (वेज. पृ. १२७-१२८) । अर्को विश्वासाख्य महातन्त्र (ने.सं. १८०=ई. १०५९ मा लेखिएको) ग्रन्थमा वृक्षलक्षण पटल, दानवादीनां समुदायलक्षण, नगरग्रामस्फटकायां पटल र प्रासादानां समुदायेन लक्षणपटल, पाइन्छ (वेज. १२९) । यस्तै प्रतिष्ठालक्षणा सारसमुच्चय नाउको ग्रन्थ शैवाचार्य मत्तमयूर संप्रदायका वैरोचनले लेखेको नवौं श.ई.को पुस्तक हो र शायद यसैको पछि जयस्थितिमल्लको राज्यकाल ने.सं. ५०७ (ई.सं. १३८७) मा सम्पादन गरिएको महत्वपूर्ण वास्तुग्रन्थ छ, जसमातडाग, वापी, कूप प्रतिष्ठा, मूर्तिकला र वास्तुका अनेक विषयहरू पाइन्छ (वेज. पृ. १३९ र ७११-१३) । दक्षिण भारतमा अत्यन्त प्रख्यात र द्विजेन्द्रनाथ शूक्ल आदिले सम्पादन गरेको ग्रन्था मायामतको पनि एउटा प्रति राष्ट्रिय अभिलेखालयमा छ (वेज. १८७) । मायामतका अनेक प्रति दक्षिण भारतमा पाइएका छन् (आचार्य, वास्तुशब्दकोप, १९९५, ७६७) । यस्तै महाराष्ट्रका शिवाजी समकालीन विश्वेश्वरभट्टले लेखेको वास्तुग्रन्थ, पूर्त्तदिनकरोद्योत नेपालमा ने.सं. ७९४ (ई १६७३) मा सारिएको थियो (वेज पृ. ६६०-६६१, 'वापी-कूप-तडागादि देवतायतनानि च । अन्न प्रदानमारामा पूर्त्तमित्यभिधीयते ॥') मूर्तिकला र स्थापत्य कलाका लागि महत्वपूर्ण ग्रन्थ विष्णु धर्मोत्तर पुराण ललितपुरमा ने.सं. ३४१ (ई.सं. १२२०) मा सारिएको थियो (पेटेक, मध्य. नेपालको इति. १९८४ पृ. ८३) । नेपाल संवत ६८९ (ई. १५६८) मा पाटन दरवार अगाडि विष्णुसिंहका छोरा राजा उद्धवसिंहले विष्णु मन्दिर (उत्थापितो प्रासाद रत्न निर्म्मायं तत्र पतिमाञ्च निधाय विष्णोः) को स्थापना विष्णु धर्म्मोत्तर पुराण अनुसार भएको थियो भन्ने अभिलेखमा उल्लेख पाइन्छ (रेग्मी-४, १९६६, २६-२७, 'विष्णुधर्म्मोत्तरोक्तैर्ब्विहित स्मृतिविधानैर--नृपति कृत प्रतिष्ठा) ।

## वास्तुआचार्यहरू

वास्तुशास्त्रलाई लिखित ग्रन्थका रुपमा धेरै पछि सम्पादन गरिएको पाइन्छ । वृहत्संहिताले वास्तुशास्त्रलाई परम्पराबाट विकाश भएको सूचना दिन्छ (परम्परियेन यातम्) । एउटा कर्णाट प्रदेशको अभिलेखमा-मनु, माया, मानडय र विश्वकर्मा आदि वास्तु आचार्यहरूको उल्लेख पाइन्छ । महाभारतका नारायणीय अध्यायमा, (चित्रशिखण्डी नाउँका वास्तु आचार्यहरू क्रमशः भृगु, अत्रि, वशिष्ठ, विश्वामित्र, माया र अन्य गरी सात आचार्यहरू (सप्तऋषि) को उल्लेख पाइन्छ । विश्वकर्मिय शिल्पशास्त्रमा बारहओटा वास्तु आचार्यहरूको यस प्रकार वर्णन पाइन्छ -व्रह्मा, इन्द्र, मय, भार्गव, अंगिरस, ध्रुव, गौतम, गार्गेय, मनु, व्यास, भृगु र अगस्त्य । यसै गरी मत्स्यपुराणमा अठारह ओटा वास्तुआचार्य (वास्तुशास्त्रोप्रदेशकाः) बारे विवरण पाइन्छ भने मानसार शिल्पशास्त्रमा बत्तिस ओटा पूर्वका वास्तुविद्का विचार र ग्रन्थहरूलाई समेत राखी त्यो ग्रन्थ सम्पादन गरिएको भन्ने लेखिएको छ-(आचार्य, मानसार शिल्पशास्त्र, १९२७, १०९) । मानसार (अध्या-२, मानोपकरणविधान, आचार्य, पृ. ३४-३५) अनुसार ब्रम्हाका मुखबाट स्वर्गलोकमा विश्वकर्मा, माया, त्वस्तर र मनुको उत्पत्ति भएको थियो । ती स्वर्गका आचार्यहरूका चार ओटा छोराहरू भए र तिनको नाउँ स्थपति, शूत्रग्राही, वर्द्धकी र तक्षा थियो । स्थपति सर्वगुण र शास्त्रविद् सम्पन्न, वेद, गणित, चित्रादि ज्ञाता, निरोगी, कुलतमा नलागेका (सप्तव्यसन वर्जितः) र सबैका आचार्य (त्रिभयो गुरु) थिए । वस्तु र वास्तुका स्थापक भएकोले उनलाई स्थपति नाउँले सम्बोधन गरिएको थियो ('स्थापनाधिपतिर्यस्मात् तस्मात् स्थपति उच्चते'-मानसार, अध्या-२, श्लो. २६-२९, ३१; 'वास्तुविद्यानज्ञो, दीर्घदर्शी च सुरश्च स्थपतिः'-मत्स्यपुराण) । सूत्रग्राहीले नाप-तौल अनुसारको रेखांकन गर्न सक्ने क्षमता भएका र वेद तथा विज्ञानका ज्ञाता भएको हुनु पर्दछ ('सूत्रग्राहीति सूत्रधृतरेखांज्ञः'-मानसार, अध्या-३७, श्लो. २२-२४, ३२-३५) । बर्द्धकीले वेद, विज्ञानका साथै नाप-जाँच गर्न सक्ने मूर्ति र वास्तुको चित्र कोर्न सकिने (वर्द्धकी मान कर्मज्ञ विचारज्ञः सूत्रज्ञस्च चित्रकर्मज्ञो-मानसार अध्या-२, श्लो. २५) । तक्षाको मुख्य काम काष्ठकर्म हो (तक्षकः कर्मविद्युस्च) । भारहुत (द्वि.श.ई.पूर्व) का वेदिका अभिलेखमा शिलाकर्मकार (धनंभूतिन कारित तोरनां सिला-कंमंतो च उपंण) धनमूति र उपंणबारे उल्लेख पाइन्छ (वासुदेव उपाध्याय, भारतीय अभि. १९६१, II, २४) । कुषाण राजा कनिष्कका राज्यकाल (७८-१०२ ई.) मा उनका राज्यमा एउटा ठूला ग्रीक वास्तुविद अगेसिलाउस (Agesilaus) ले ठूला-ठूला निर्माण कार्यहरू गरेका थिए । यस्तै चन्द्रगुप्तमौर्यका राष्ट्रिय (क्षेत्रीय प्रशासक) पुष्यगुप्तको निर्देशनमा निर्मित सुदर्शन ताल र अशोकका र ाज्यकालमा ग्रीक वास्तुविद् तुषास्कले निर्माण गराएका प्रणाली पुनः सयहात चाक्लो पारी (कृत्वा-आयामतो हस्त-शतं समग्रं विस्तारतः षष्टि रथापि चाष्टौ) निर्माण गराउने (नयशास्त्र-वेत्ता) विश्व थिए । चन्द्रगुप्त मौर्य (३२४-३०० ई. पूर्व) ले निर्माण गराएका रैवतक र उर्जयत पर्वत श्रेणी माथिका सुदर्शन नाउका ताललाई सम्राट अशोकका राज्यकाल (२७३-२३६ इ. पूर्व) मा झन् परिष्कृत गरिएको थियो । दोश्रो श.ई. मा जसलाई महाक्षत्रप रुद्रदामनले मरमत गराएका थिए र अन्तमा यसको मरमत स्कन्ध गुप्तले ४५६ ई. मा गराएका थिए । (वा.उपाध्याय, भारतीय अभि. १९६१, II, पृ. ४५-४६, मौर्यस्य राज्ञः चन्द्रगुप्तस्य राष्ट्रियेण वैश्येन पुष्यगुप्तेन कारितं । अशोकस्य यवनराजेन तुषास्फेनाधिष्ठाय प्रणालीभिर लंकृतं-त्रिगुण-दृढतरंविस्तायामं सेतु ।' पृ. ६७ 'सुदर्शन-तटाकं-संस्कार') । नागार्जुन कोंडाको तेश्रो श.ई.को अभिलेखले तीनओटा स्थपति-थेर चंदमुख, थेर धंमनंदि र थेर नागबारे चर्चा गरेको र यहाँ शिलाबद्धकीको पनि उल्लेख छ (वा.उपाध्याय, II ३७) । तक्षशिलाको (ई.सं. १५६ को) एउटा ताम्रपत्र लेखमा त्यहाँ निर्माण गरिएको बौद्धसंघका निर्माता स्थपति थिए रोहिणीमित्र ('रोहिणिमित्रेण इमं संघरमे नवकमिक'-उपाध्याय, भा. अभि., १९६१, II, ४१) । विष्णुगुप्तको ई.सं. १४३६ को मंगरांव लेखमा सूत्रधार कुलादिव्यको उल्लेख छ (उपाध्याय, II, ८५) । ने.सं. ६९६ (ई.सं. १५७५) मा पाटनको तुम्बहाल नारायण मन्दिर शिलालेखमा देवमूर्ति निर्माण गर्ने शिल्पकार लुगुडुभारो बारे थाहा पाइन्छ (रेग्मी-४, पृ. ३३, 'देवज्यायाक कमि गुडुभारो') । स्वयम्भू चैत्यको ने.सं. ७२५ (ई. सं. १६०४) को अभिलेख अनुसार सो चैत्यको जीर्णोद्धार गर्ने एक स्थपति जशीराम वितुर थिए (रेग्मी-४, पृ. ५०-५२) तथा ढुंगाको काम गर्ने (लोहोकमी) सुमति जोशी र मन्दुराम थिए । त्यसै अभिलेखमा काठ युप निर्माण गर्ने र (यष्टि, पिलसि समारोपितवान्--मङ्गल्य् कर्म्माकर) विभिन्न शिल्पले श्रृंगारिएका सुनका वास्तुसमूहहरू (चित्रैविचित्रैरपि हेमवृन्दै

र्णिर्वनिर्मितै शिल्प विशेषकारैः--हेमकुम्भा वदातं) का निर्माता थिए कंसाकार गुणसिंह तथा ताम्रकार श्रीज्ञान तुलाधर आदि । बलम्बुको ने.सं. ७८७ (ई.सं. १६६६) को महालक्ष्मी मन्दिर अभिलेखले शिल्पकार मुकुन्दराजको नाउँलाई प्रकाशित पारेको छ (रेग्मी-४, १३६) । ने.सं. ८०८ (ई.१६८७) को अभिलेख अनुसार चोभार गणेशस्थानमा निर्माण गरिएको विशाल विश्रामशाला (पलि) छाउन झिंगटीको व्यवस्थाका लागि आवालको उल्लेख पाइन्छ (रेग्मी ४, २००) । सिमरौनगढबाट राष्ट्रिय संग्रहालयमा ल्याई राखिएको एउटा सूर्य मूर्तिमा तत्कालीन मिथिला कर्णाटकी राजा शक्तिसिंहका महामंत्रि गणेश्वरको कृपाले हरिश्वरले (१३ हो श.ई.मा) निर्माण गरेका ('श्री हरिश्वर कारितार--प्रतिमेयं-' तारानन्द मिश्र, प्राचीन नेपाल-२४, १९७३, पृ. ३५) थिए भनेर लेखि राखिएको छ । अमरावती स्तूप लेखमा शैलवद्धकी, भारहुत स्तूपलेख (द्वितीय श.ई. पूर्व) मा शिलाकर्मक शिलाबड्ढकी, यसैगरी पाषाणिक, इटकबड्ढकी, गृहपति सिप्पकार, तच्छका, दन्तकारा, कर्मकार, पासाणकोत्तका आदि नाउँ बौद्ध साहित्यमा पाइन्छन् (भरतसिंह, बुद्धकालीन भूगोल, १९९१, ४३८-४३९) । कर्णाली प्रदेशका राजा पृथ्वीमल्लको ई.सं. १४७१ को अभिलेखमा सूत्रधारकहरूलाई करबाट मुक्त गरिएको ('सूत्रधारकानम् सर्वकरस्तेन त्यक्ता'- योगी नरहरिनाथ, इतिहासप्रकाश, भाग २, पृ. १) छ । यस्तै सुर्खेतको लाटीकोइलीको शाके सं. १५०४ (ई.सं. १५८२) को शिवमन्दिर अभिलेख अनुसार सो मन्दिरका निर्माता वाराणसीका स्थपति रामकृष्ण थिए । काठमाण्डौं देवपाटनका महागौरी मूर्तिको पादपीठ लेखले सो मूर्ति निर्माण गर्ने शिल्पी नन्दपाल (अभि. संग्रह भाग-२, २०१८, १४) थिए भन्ने सूचित गर्दछ ।

वास्तुशास्त्रको एउटा प्रक्रिया स्थपति पुरस्कार हो, जसलाई मण्डनको (ई.सं. १४१९-१४६९ भित्र लेखिएको) शिल्पशास्त्रमा शूत्रधारपूजा (आचार्य, मानसार, १९२७, १०४) भनि सम्बोधन गरिएको छ । ने.सं. ८२२ (ई.सं.१७०१) मा भक्तपुरका भूपतिन्द्रमल्लको राज्यकालमा निर्माण गरिएको तौमढी टोलमा न्यातपोल (पाँच तल्ले मन्दिर) बारे उल्लेख गर्ने सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा' हस्तलिखित ग्रन्थले त्यस ठाउँमा रहेको एक जना दुखि भारोको घर रहेको पुलको छें ननिमा अनेक घर र नटपुल (नाट्यमण्डप) लाई भत्काएर सो मन्दिर निर्माण गरिएको थियो भन्ने महत्वपूर्ण सूचना दिन्छ । यस ग्रन्थले त्यसको निर्माण सिलसिलामा काठका वास्तु अंगहरूको निर्माण, ईंट पोल्ने, फलामका सामानहरू, गजुर बनाउने, र ढुंगाको संकलन गरि ने.सं. ८११ माघमा पादस्थापन, द्वार स्थापन, मित (स्तंभ) स्थापन, निरल (धरणि, गोपानसि) आदि लगाउने, झ्याल स्थापन, चूलिक (गजूर) लगाउने र आवान चेय (झिंगटी ओछ्याउने) तथा कोट्याहुति यज्ञ र नृत्य-गीतका साथै भोज पछि सो कार्य समाप्त भएको सूचना दिन्छ । यी प्रक्रियाहरूका साथै सो ग्रन्थमा निर्माण कार्यमा संलग्न तक्षरि (तक्षा), म्होय, पमि, आवाल, कुम्हाल, सिकर्मी, गथ, बट, लोहकर्मी तथा नकर्मी आदिले प्राविधिक कार्य गरेको पनि चर्चा गरिएको छ । यस्ता शिल्पी नौ जवान प्रत्येक लाई एक-एक तोला सुन र बाइस तोलाको चाँदीको बाला ज्यामी नायकेहरूलाई पुरस्कार स्वरुप उपहार दिने विवरण पाइन्छ (Janak Lal Vaidya, Historical Significance of Siddhagni Kotyāhuti Devala Pratistha, Abhilekha, 2047 B.S., Part 8, PP 69-77) ।

## नेपालका मन्दिरहरू

अन्तमा नेपालमा अहिलेसम्म पाइएका शिलालेख तथा प्राचीन ग्रन्थहरूमा चर्चा गरिएका मन्दिरहरूबारे केही उल्लेख गरौं । लिच्छवीकालमा नेपाली मन्दिरहरूलाई प्रासाद (ई.सं. ४६६ को मानदेवकालको लाजिम्पाट अभि. धनवज्र, २०३०, पृ. ३१ र पृ. ३६६ प्रासादपिण्डस्थलं), भवन (धनवज्र, पृ. ३४-३५, लक्ष्मीवत कारयित्वा भवनमिह स्थापयामास--विष्णुविक्रान्तमूर्तिं), देवालय (धनवज्र, पृ. ६५, ई.सं ४९७ को मानदेवकीरानी गुणवतीको नारायण चौरको उत्तर पश्चिममा रहेको अभि., 'शैवन्देवालयस्थस्य--लिंगं संस्थाप्य'), देवकुल (ई.सं. ५०६ को थानकोट आदिनारायण अभि., धनवज्र, ९२, 'शिवकदेवकुलस्य'; धनवज्र, ४२४, 'नदीदेवकुल प्रासादस्य') धनवज्र, ३३९, ई.सं. ६१२ को 'माटिन्देवकुल', पाटन अभि.), प्रतिष्ठान (धनवज्र, वि.सं. २०३०, ४११, ई.सं. ६२६-६३३ भित्रको अभि, 'भगवतो नाथेश्वरस्य प्रतिष्ठानं, धनवज्रं, पृ. ५८३, 'भगवतः प्रतिष्ठानादि') आदि शब्दबाट सम्बोधन गरिएको छ । मध्यकालीन अभिलेखहरूमा मन्दिरलाई-देवगृह (रेग्मी-४, ८, ने.सं. ६६९=१५४८ ई), मठ, प्रासाद (रेग्मी-४, १५-१६, ने.सं. ६७४=१५५३ ई., रेग्मी, पृ. २३, ने.सं. ६८४), देवल (रेग्मी, ४, २६, पृ. ३२), सदन (रेग्मी ४, ६१, ने.सं.भवानी सदनं, पृ. ७१, मुरारमे सदनं), शिवालय (रेग्मी ४, ७९), गृह, रथ, मन्दिर,

विमान, प्रासाद, (रेग्मी ४, ८२), देवागार (रेग्मी ४, ९६), केतन (रेग्मी ४, १३५, कएल भवानी केतु ने.सं. ७८७=ई..१६६६), देगुलि (रेग्मी ४, १६२, ने.सं. ७९४), देवकुल (रेग्मी ४, १६४, ने.सं. ७९५) देवालय (रेग्मी ४, १९२, ने.सं. ८०२=ई. १६८१, देवालय), प्रासाद (रेग्मी ४, २६३, ने.सं. ८३७=ई. १७१६), हर्म्य[१६] र देवरथ भनिएको छ। मानसारमा ९८ किसिमका भवनको वर्णन पाइन्छ भने अग्निपुराणमा ४५ प्रकारका र गरुडपुरण, भविष्यपुराण र वराहमिहिरको वृहत्संहितामा मात्र बीस किसिमका भवनहरूको उल्लेख छ। यी बीस किसिमका भवनहरू वास्तवमा बीस किसिमका मन्दिरहरू थिए (आचार्य, मानसार, १९२७, ११६-११८)। मन्दिरलाई तीन किसिमसँग-नागर, बेसर र द्रविड भनि आकार अनुसार छुट्याइएको छ।

नेपालमा मन्दिरहरू अनेक किसिमका छन् तिनमा अहिले शिखराकार[१७] (ग्रन्थकूट, गन्धोल, गन्धकुटी, गलकूट), छत्राकार[१८] (तल्लाकार, पोलल, पलि, पटलाकार), मण्डपाकार[१९], अण्डाकार ([२०]मानिक, गजपृष्ठाकार, Elliptical and Apsidal temples) र हंसगृह[२०क] आकारका प्रमाण पाइन्छन्। नेपालमा अर्धअण्डाकार (Apsidal) गर्भगृह भएको मन्दिर तिलौराकोट (कपिलवस्तु) मा पाइएका छन् (P.C. Mukherjee, Antiquities in the Nepalese Tarai; T.N. Mishra, The Location of Kapilavastu, Ancient Nepal No. 41-42,

---

१६. मानसार शिल्पशास्त्र (अध्या. ३, श्लोक ७-८) ले प्रासाद (मन्दिर), मण्डप, सभा-शाला, प्रपा, रंगशाला आदिलाई हर्म्य भनि संज्ञा दिएको छ।

१७. कुनु शर्मा, कीर्तिपताका, श्लोक ७२: उनले पाटन दरवार अगाडिका शिखराकार नरसिंह मन्दिरलाई यसरी वर्णन गर्दछन् - 'तुङ्ग पञ्चशिखर प्रासाद' (अग्लो पाँचओटा शिखर भएको मन्दिर) यसैलाई त्यहीको ने.सं. ७१० (१५८९ ई.) कोअभिलेखमा 'ग्रन्थकूट देवल' भनिएको छ (रेग्मी ४, ३६)। अंशुबर्मा कालका ललितपुर चपटटोलको अभिलेखमा 'गन्धकुटी प्रति संस्करणाय' भनि उल्लेख पाइन्छ (धनवज्र, वि.सं. २०३०, ३८२)। ई.सं. १६०८ मा लेखिएको लामा तारानाथको भारतमा बुद्धधर्मको इतिहास (सं. देवीप्रसाद चहोपाध्याय, दिल्ली, १९९०, पृ. १३१ र ३०३) मा वज्रासन बोधगयाको शिखराकार बुद्धमन्दिरलाई र नालंदाका १४ ओटा बौद्धमन्दिरलाई गन्धोल भनिएको पाइन्छ। यस्तै भारहुत स्तूप, साँची स्तूप र बोधगयाका दोश्रो-पहिलो शताब्दि ई.पूर्वका अभिलेखहरुमा पनि गंधकुटिको उल्लेख भएको छ) (देवलभित्र, साँची, दिल्ली, १९७८, ३७)। वाराणसीको सारनाथबाट पाइएको १०२६ ई.. संवत् को एउटा अभिलेखमा - 'अष्टमहास्थान शैलगन्धकुटी' भन्ने उल्लेख भएको छ। (बा.श. अग्रवाल, सारनाथ, १९५७, दिल्ली, पृ. ६)। लगभग १२३५ ई. मा बोधगयाको शिखराकार बुद्धमन्दिरको दर्शन गर्न गएका तिब्बती यात्री धर्मस्वामीले गन्धोल मन्दिरबारे यसरि खुलस्त पारेका छन् - 'बज्रासनको गन्धोललाई तिब्बतीमा गन्धकुटि वा शिखर पनि भनिन्छ' (धर्मस्वामीको जीवनी, संपादन, तारानन्द मिश्र, २०६०, पृ. ७०)।

१८. लिच्छविकालमा छानेशीलीको मन्दिर अंशुवर्माको शासनकालमा निर्मित माटिन्देवकुल (धनवज्र, २०३०, ३३९, संवत् ३४=ई.सं. ६१२) र कुमार कार्तिकेयको मन्दिर हुने अनुमान गर्न सकिन्छ (धनवज्र, पृ. ३७२, संवत् ४९=ई. ६२१: देवालय छत्राछादन्)।

रेग्मी ४, पृ. ९६-९७, ने.सं. ७७५ (ई १६५४) को प्रतापमल्लको पशुपति मन्दिर आँगनको अभिलेखले छानेशैलीका मन्दिरलाई 'छत्राकार देवागार र छत्राकार देवल' भनि सम्बोधन गरेको छ। यस्तै ने.सं. ६६६ (१५४५ ई.) को शूबहाल, पाटन अभिलेखमा - 'स्वंपोल तिष्काल देगुरि' (रेग्मी-४, ६): पाटनको ने.सं. ६९६ (ई. १५७५) को अभि.मा- 'स्वतपोलोल देवल दयकं-विष्णुस्थापन याङा': पाटन हरसिद्धि मन्दिरको ने.सं. ८४७ (१७२६ ई) को मन्दिरको सुनको छाना (देवलं लु पलि) पुनः निर्माण भएको व्यहोरा र ने.सं. ८३२ कार्तिक कृष्ण बुधवारका दिनमा प्रतापमल्लले पहिले शिखराकार मन्दिर निर्माण गरेकालाई भत्काई उनका छोरा भास्कर मल्ले तीनतले मन्दिर निर्माण गरेको विवरण पाइन्छ (रेग्मी ४, पृ. ३४८, ठ्यासफु - 'श्री ३ बज्रयोगिनिस न्हापाया गलकूत देवर पियाव स्वतपलि देवर दङाव')। कुनू शर्माले छानेशैलीको मन्दिरलाई - 'स्त्रिपटलैर्गोपानसी' भनि उल्लेख गरेका छन् (कीर्तिपताका, ने.सं. ७७२, श्लो. १५)॥ यस्तै शंखमूलको चामुण्डा मन्दिरलेखमा - 'प्रासादं स चकार पंचपटलैः', पाँच पटल भएको मन्दिर निर्माण गरियो भनि उल्लेख भएको छ। यस्तै ने.सं. २९२ (ई.११४९) को अभि. मा 'पट्टिका पटकाछादना' पाइन्छ। बौधायन धर्मसूत्र (२-६-११) मा सन्यासीहरूले वर्षावासको उल्लेख गर्दा - 'पाली वस्सो' (पाली वास) को चर्चा गरिएको छ (मुकर्जी, १९६५, पृ. १४८)।

१९. धनवज्र, २०३०, २८३, संवत् ५२६ (ई.सं. ६०४) को लेले अभि. मा - 'सिंह मण्डपे भगवत वासुदेव' को उल्लेख पाइन्छ। पूर्णिमा, भाग ७, पृ. ३४, इटुंबहालको ई.सं. १३८१ को अभि. मा - 'श्री पलखचोगिरि स्थापित महति पुस्करणी समण्डप जलशयन नारायण' (पलानचोकमा निर्माण गरिएका पोखरी र मण्डप मित्र नारायणको जलशयन मूर्ति) भनि विवरण पाइन्छ। यसलाई सुप्रमेदागममा देवमण्डप भनिएको छ।

२०. यस लेखकले भेडियारी (रानी) मा गरेको उत्खननबाट त्यहाँ कुखुराको फुलको आकारको २०० र १०० ई. पूर्वमा निर्माण गरिएको पाको ईटको मन्दिर भेटिएको थियो। सो गर्भगृह ४३ फिट x ४८ फिट लम्बाकार र लगभग ७ फिट अग्लो जगको पश्चिम किनारमा भित्र पर्खालहरु (Cross-Walls) माथि अण्डाकार गर्भगृह थियो। यस किसिमका अण्डाकार अथवा अर्धअण्डाकार (Apsidal) गर्भगृहको शिखर (हस्तिपृष्ठ) गजपृष्ठाकार हुने गर्दछ। सुप्रभेदागम (अध्या. ३१, श्लोक १२८-१३१) र मानसार शिल्पशास्त्रको आठ किसिमको एक तल्ले मन्दिरमध्ये हस्तिपृष्ठको उल्लेख छ। हस्तिपृष्ठम् -- प्रोत्तम प्रासादम्। यस्तो गर्भगृहलाई अद्घयोग भनिएको छ। जसलाई बुद्धघोषले सामन्त पासादिकामा उल्लेख गरेका छन् र यसलाई विनयवस्तु र महावग्गमा 'सुवन्नवंकम गेहम्' भनिएको छ। (R.C. Childers, Dict. of Pali Language 1909, 10; H. Sirkar, Studies in early Buddhist architecture of India, Delhi, 1966, 9)। गुरुडपुराण (अध्या ४७) मा यस्तो आकारको मन्दिरलाई माणिक र गरुडाकार भनिएको छ। यस्ता अण्डाकार (Elliptical) सभागृह राजगृहको जीवकाराम (५०० ई. पूर्व) गोपिका गुफा (३०० ई. पूर्व), श्रावस्ती र कौशाम्वीको घोपिताराम- (१०० ई), दोश्रो श.ई.पूर्वको राजस्थान, चित्तौडगढको नागरिमा विष्णु मन्दिरका लागि निर्माण गरिएको पाइएको छ।

२०क. धनवज्र, २०३०, ३२०, हाँडिगाउको संवत् ३२ (ई.सं. ६१०) को अभि. -'हंसगृहदेवस्य पु. उ प. १'; धनवज्र, ४८५, संवत् ८०८९ (ई.सं. ६५८-६६७), हंसगृहद्रङ्गस्य। T. Watters (On Yuan Chwang's Travel's in India, 1973, II, 78) citing a Chinese book Seng-Ki-Lu (Chap. 37) describes about the Kutagarasala near Vaisali city, which looked like a swan. P.K. Acharya, (Dict. of Archit, 1995, 745) gives the meaning of Hans as a building looking like a swan, and a class of oval building. Brihatsamhita, Masya Purana describe about oval temples. Vajrakirti, the Tibetan Buddhist student in 1030 AD describes about 'a white boulder that looked like a sleeping elephant (Gajakara)' withing Kathmandu Valley H. Declear, Vajrakirti, The translator from Rwa, 1994-95, Vol VI, P.4

Aug-Nov, 1977, Asita Stupa)। भारतमा यस्तो आकारको ढुंगाद्वारा निर्माण गरिएका भवन उज्जैन (५००-२०० ई. पूर्वकालका), अशोककालका साँची, राजगृह, सारनाथ, हरवान (काश्मीर), ब्रह्मगिरी र भाजा गुफामा पाइएका छन्। (एच. सरकार, बौद्धकालको वास्तुकला, १९६६, २९-३५)। हंसगृहको उल्लेख नेपालको दुई ओटा अभिलेखहरू क्रमशः अंशुबर्माको संवत् ३२ (ई.स. ६१०) को हाँडिगाउँ अभिलेख (धनवज्र, पृ. ३२०, हंसगृहदेवस्य) मा र नरेन्द्रदेवको संवत् ८०-८९ (ई.सं. ६५८-६६७) भित्र कुदिएको अभिलेख (धनवज्र, पृ. ४८६, भवतांहंसगृहद्रङ्गस्य) हरूमा पाइएको छ। हंसगृह भित्र रहेको कुन देवता थिए यो थाहा हुन सकेको छैन तर हंसगृह एउटा अत्यन्त प्रसिद्ध मन्दिर थियो भन्ने कुरा अंशुबर्माको अभिलखेबाट थाहा पाइन्छ, किनभने यसलाई मानेश्वर, साम्बपुर, नरसिंह, र बुढानिलकण्ठको जलशयन मूर्ति र देवस्थलको श्रेणीमा राखिएको थियो। वास्तुशास्त्रमध्ये अग्निपुराणका पाँच किसिमका मन्दिर (वैराज, पुष्पक, कैलास, मानिक, त्रिविष्टप) मध्ये मानिकलाई अण्डाकार गर्भगृह तथा मत्स्यपुराण अनुसार बीस किसिमका मन्दिरहरूमध्ये हंसाकार मन्दिरलाई १० हात (१५ फिट) चाक्लो निर्माण गर्ने भनि लेखिएको छ। हंसाकार मन्दिरको चर्चा भविष्य पुराणको २० किसिमका मन्दिरमध्ये भएको छ।

थमस वाटर्स (युवान च्वांगको भारत भ्रमण, दिल्ली, १९७३, II, ७८), ले एउटा चिनिया ग्रन्थ सेंग-की-लू (अध्या. ३७) लाई उदृत गर्दै वैशाली नजिक रहेको प्रसिद्ध बौद्ध विहार कूटागार शालालाई हंस आकारको भएको कुरा उल्लेख गरेका छन्। शिखराकार मन्दिरहरूमा पनि जुन तीन ओटा किसिमको, क्रमशः नागर, बेसर र द्रविडहरू थिए, यी मध्ये नागरलाई चतुराश्राकृतिम् (चौकोर आकृतिका) भनिएको छ। बेसर मन्दिरहरू गोलो हुन्थ्यो (मूलाग्राम वृत्तम आकारम् वृत्तस्याग्रे द्वयश्रकम् तद वेसर नामकम् भवेत)। द्रविड किसिमका मन्दिर जग देखि शिखर पर्यन्त आठकुने आकारका लाई भन्ने गरिन्छ (मूलाग्रात स्तूपि-पर्यन्तम अष्टाश्रम, मानसार शिल्पशास्त्र, अध्या. १८, श्लो. ९०-१०२)। छोटकरीमा भन्दा नागर चतुराश्र (Square or rectangular), बेसर गोलो र द्रविड अष्टाश्र अथवा सोलह कुने मन्दिर हुन्छ। यसमा नेपालमा सर्वाधिक संख्यामा चारकुने (समचतुराश्र), त्यसपछि लम्बाकार, गोलो (हनुमान ढोका दरवारभित्र) र आठकुने (च्यासिंग देवल)[२१], भक्तपुर, पाटन र ललितपुर दरवार अगाडि एक-एक ओटा मन्दिर छन्। लिच्छविकालमा पशुपति मन्दिर नजिक बागमती नदीको पूर्वपट्टि एउटा गोलो आकारको शिवमन्दिर रहेको उल्लेख नरेन्द्रदेवको संवत् ८३ (ई.सं. ६६१, धनवज्र, ४८२) को ललितपुर गैह्रीधारा अभिलेखमा 'मण्डलयाञ्च उपलेपन सम्मार्जन प्रतिसंस्कारादि कडकृत्वा भगवन्तं ब्रजेश्वर मुद्दिश्य' (गालो मन्दिरहरूको सरसफाई, मरमत र रंगरोगनका लागि भगवान ब्रजेश्वर (शिव) उद्देश्य भनेर उल्लेख छ। यहाँ मण्डलयान शब्दले मन्दिरको गालो आकारलाई बोध गराउँछ। श्री श्रीनिवासनले महाबलिपुरम्मा रहेका तीन किसिमका आकारका मन्दिरहरूबारे उल्लेख गर्दा - चौकोर आकारका कूटाकार, गजपृष्ठाकार (वृत्तायत) र आयत अथवा शालाहरू (लम्बाकार, rectangular) मन्दिरबारे चर्चा गरेका छन्। उनी भन्दछन् - प्राविधिक रुपमा चतुष्कोणात्मक मन्दिरलाई स्थण्डिल भनिन्छ र गोलो मन्दिरलाई मण्डल नाउँ दिइएको छ।[२२]

---

२१. रेग्मी, मध्यकालीन नेपाल, भाग ४, १९६६, पृ. ८७, ने.सं. ७६९=१६४८, बसन्तपुर दरबार बाहिर निर्माण गरिएको आठ कुने कृष्ण मन्दिरलाई सद्योपित र पद्मको आठपत्र जस्तै आठओटा शिखर भएको मन्दिर भनेर सम्बोधन गरिएको पाइन्छ (सद्योपितोरेतयोः प्रासादं वसुपत्र पद्म सदृशं श्रृङ्गाष्टकैः शोभितं)/अष्टकोणात्मक/(Octagonal) मन्दिर ढुंगाबाट ने.सं ८४३ (ई.सं १७२२) मा निर्माण गरि त्यसभित्र कृष्ण-राधिका मूर्ति स्थापना गरिएको अभिलेखमा मन्दिरको आकारबारे केही उल्लेख नभएर मात्र मेरु समान अग्लो प्रासाद राजमहान र अनेक तोरण कमलका फुल जस्तै र सुन्दर शिखरमा सुवर्णकलश स्थापना गरिएको मात्र वर्णन छ (रेग्मी-४, २७२, प्रासादराजो महान नाजातोरण मोहतावलि सरोजीभूत लेहायुतः श्रृंगहेममयैर्मनोज्ञ कलशैः संज्वालयैः पाषाण देवालयं कृष्णराधिकया सहायुत--प्रतिष्ठाकरोत् ॥)।

२२. P. R. Srinivasan, Traditionals of South Indian Temple Architecture, Bulletin of theMadras Museum, 1959, P. 3

## सन्दर्भग्रन्थ र लेखहरू


१. प्रफुल्ल कुमार आचार्य, मानसार शिल्पशास्त्र, इलाहाबाद, १९२७

२. P.K. Acharya, A Dictionary of Hindu Architecture, Delhi, 1995

३. श्री कुनु शर्माको कीर्तिपताका, अनुवाद-योगी नरहरि नाथ, जगदम्वा प्रकाशन, २०१८

४. Percy Brown, Indian Architecture, Bombay, 1959.

५. H. Sircar, Studies in Early Buddhist Architecture of India, Delhi 1966

६. Tara Nanda Mishra, The Traditional Material and Techniques used in the conservation of Nepalese Historical monuments, Ancient Nepal, No. 135, 1993, PP 22-31; 4th seminar on the conservation of Asian Cultural Heritage, Agency for Cultural Affairs, Japan, Nara, 1993, PP. 97-116.

७. T.N. Mishra, Conservation of Ancient Architectural Elements in Nepal, Journal of Nepalese Studies, 1998, Royal Nepal Academy, Vol-2, Number; 1

८. तारानन्द मिश्र, वास्तुकलाको संक्षिप्त परिचय र लिच्छवि अभिलेखका केही वास्तुशब्दहरू, प्रज्ञा सं. ८३ख, प्रज्ञा प्रतिष्ठान, वि.सं. २०५३

९. डिल्लीरमण रेग्मी, मध्यकालीन नेपाल, भाग-३ र ४, १९६६

१०. Hemraj Shakya, T.R. Vaidya, Medieval Nepal, 1970

११. E. H. Johnston, Ed. The Buddhacarita, Delhi, 1972.

१२. डा. भरतसिंह उपाध्याय, बुद्धकालीन भारतीय भूगोल, १९९१, प्रयाग ।